मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २४ ◆ अङ्क : ३२२ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ असोज २८ गते मंगलवार (Tuesday, October 15. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

सबै नेपालीको चाहना:
लागूऔषध उत्पादन, अवैध
ओसारपसार र सेवनरहीत
समाजको कामना ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## अण्डाको उचित मूल्य नपाएको गुनासो

**दमक, असोज २७।** झापाका अण्डा व्यवसायीहरु भने उचित मूल्य नपाउँदा निराश बन्दै गएका छन् । यो व्यवसायबाट पलायन भएर बैकल्पिक व्यवसाय रोज्नुपर्ने अवस्था आउन लागेको यस क्षेत्रमा लागेका व्यवसायीहरु बताउँछन् ।

नेपालसहित विश्वभर विश्व अण्डा दिवस मनाइरहँदा झापाका व्यवसायीले यस्तो चिन्ता व्यक्त गरेका हुन् । नेपाल अण्डा उत्पादक संघ प्रदेश १का अध्यक्ष एवम् अण्डा उत्पादक किसान माधव पराजुलीका अनुसार अहिले अण्डा व्यवसाय गम्भीर संकटमा रहेको छ । उनका अनुसार अहिले आफ्नो फार्मबाट मात्र दैनिक १० हजार अण्डा उत्पादन हुने गरेको छ । करिब ६० प्रतिशत स्थानीय बजारमा खपत हुने भए पनि बाँकी उत्पादन भएको अण्डाको बजार समस्या रहेको छ । झापाको दमकमा मात्र दैनिक सरदरमा १ लाख ७५ वटा अण्डा उत्पादन हुँदै आएको उनको भनाइ छ । १ नम्बर प्रदेशमा सबैभन्दा बढी अण्डा उत्पादन हुने नै दमकमा हो- पराजुलीले भने ।

प्रदेश १मा अहिले दैनिक ५ लाख अण्डा उत्पादन हुँदै आएको उनको भनाइ रहेको छ । अण्डामा प्रदेश आत्मनिर्भर रहेको छ र उत्पादन बढी भएका कारण बजार मूल्यमा समेत एकरुपता छैन- उनले भने । अण्डा उत्पादनका लागि प्रदेशमा करिब ३ अर्वको लगानी रहेको पनि पराजुली बताउँछन् ।

**लागत मूल्य पनि पाईँदैन**

अण्डा बढी उत्पादन भएका कारण अण्डाले लागत मूल्य पनि नपाएको पराजुलीको भनाइ रहेको छ । एक कार्टुन अण्डा सरदरमा १५ सयमा बिक्री हुँदै आएकोमा र प्रतिगोटा ७ देखि ८ रुपैयाँभन्दा बढी अण्डाको मूल्य नपाएको उनले जनाए । हाम्रो लागत मूल्य ९ रुपैयाँभन्दा माथि रहन्छ तर बिक्री मूल्य ७ रुपैयाँको हाराहारीमा रहेकाले हामी संकटमा परेका छौं- पराजुलीले भने ।



**अण्डाको उत्पादन बढेपछि माग हुन नसक्दा बिक्न कठिन भएको र बैंकको ब्याज तिर्न नै मुस्किल भएको अण्डा उत्पादक किसान भरत चम्लागाँईले बताए ।**

आफूहरुले ७ रुपैयाँमा बिक्री गरेको अण्डा बाहिर १२देखि १५ रुपैयाँमा बिक्री हुने गरेको पाएको पनि उनले जनाए । ४० प्रतिशत अण्डाको बजारको अभाव रहेकाले यसको बजार खोज्न सरकारले सहयोग गर्नुपर्ने उनको माग रहेको छ । यदि बजार यस्तै रहने हो भने हाम्रो अर्वौं लगानी डुब्छ र १५ सयभन्दा बढी बेरोजगार बन्छन्- पराजुलीको भनाइ रहेको छ ।

**१ करोडभन्दा बढीको अण्डा गाड्नु पर्‍यो**

नेपाल अण्डा उत्पादक संघ झापाका अध्यक्ष मनोज बुढाथोकीले भदौ महिनामामात्र जिल्लामा ७ हजार कार्टुन अण्डा बिग्रेका कारण गाड्नु परेको दाबी गरे । बर्षासहितको गर्मीको समयमा अण्डा १५ दिनभन्दा बढी भण्डारन गर्न नसक्ने अवस्था रहेकोले यो अवस्था आएको पनि उनले जनाए । एक करोड ५ लाख मूल्य भन्दा बढीको अण्डा हामीले पुर्नु पर्‍यो र यो पीडा फेरी नदोरियोस् भन्नेछ- उनले भने । जिल्लाका अण्डा उत्पादक किसानहरुले अण्डा नविकेर रोएर बस्नुपर्ने अवस्था आएको पनि उनको भनाइ छ । करिब १ बर्ष अघिदेखि यस्तो समस्या आइलागेको उनले जनाए ।

**बैंकको ब्याज तिर्न चिन्ता**

अण्डाको उत्पादन बढेपछि माग हुन नसक्दा बिक्न कठिन भएको र बैंकको ब्याज तिर्न नै मुस्किल भएको अण्डा उत्पादक किसान भरत चम्लागाँईले बताए । बैंकको ब्याज तिर्ने दिन आइसक्यो तर अण्डा गोदाममा थन्किएकाले कसरी तिर्ने भनेर चिन्ता छ- चम्लागाँईले भने । दमक उद्योग बाणिज्य संघका कार्य समिति सदस्य समेत रहेका चम्लागाँईका अनुसार यस क्षेत्रमा लगानी गरेका किसान तथा व्यवसायी नै यस क्षेत्रबाट पलायन हुने अवस्था रहेको छ ।

दमककै अर्का किसान देवराज अधिकारीले पनि यस्तै अवस्था रहे ऋणमा चुर्लुम्म डुब्ने अवस्था रहेको जनाए । ३ हजारभन्दा बढी अण्डा उत्पादन गर्ने लेयर्स कुखुरा पाल्दै आएका उनले अहिले कुखुरा घटाएको जनाए । ५ हजारभन्दा बढी समेत पालेको थिए तर अण्डा नबिकेका कारण घटाउन बाध्य भए- उनले भने ।

**बजारको खोजी र जनचेतना जोगाउन माग**

सरकारले आफुहरुलाइ अनुदान तथा केही दियोस्भन्दा पनि अण्डाको उपभोगबारे सचेतना जोगाउनपर्ने माग अण्डा उत्पादकहरुको रहेको छ । प्रदेश अध्यक्ष पराजुलीका अनुसार अहिले पनि नेपालमा ३३ प्रतिशतले मात्र अण्डा उपभोग गर्ने

*(बाँकी अन्तिम पृष्ठमा)*

## बुबाको मृत्युपछि छोरी पढाउन सात लाख सहयोग



**बिर्तामोड, असोज २७।** बाह्रदशी गाउँपालिका-७ डाँगीवारी निवासी ३८ वर्षीय पुष्प लम्सालको ब्लड क्यान्सरबाट मृत्यु भएपछि तीन वर्षीया छोरीको पठनपाठनका लागि भन्दै प्रवासमा रहेका नेपालीले झण्डै सातलाख रुपैयाँ सहयोग गरेका छन् ।

व्यवसायी संघ कतारका अध्यक्ष तथा अन्तर्राष्ट्रिय झापाली समाजका प्रवक्ता समेत रहेका महेन्द्र चम्लागाँईको नेतृत्वमा ६ लाख ७१ हजार ३ सय ८९ रुपैयाँ मृतककी छोरी समिरा लम्सालको पढाई खर्चका लागि भन्दै सो रकम प्रदान गरियो ।

बिर्तामोडस्थित नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा आयोजित रकम हस्तान्तरण समारोहमा अन्तर्राष्ट्रिय झापाली समाजका प्रवक्ता चम्लागाँईले मृतककी श्रीमती मिरा काफ्ले लम्साल र वुवा नारायणप्रसाद लम्साललाई सो रकम हस्तान्तरण गरेका हुन् । रकम हस्तान्तरण समारोहमा बोल्दै चम्लागाँईले भने- पुष्प बिरामी भएको र

*(बाँकी अन्तिम पृष्ठमा)*

## औषधि ठगी गर्ने र पहेंलो धातु बोक्ने पक्राउ

**मोरङ, असोज २७।** औषधि खरिदमा ठगी गरेको अभियोगमा विराटनगर महानगरपालिका-१०स्थित साक्षी मेडिकल हलमा काम गर्ने सुनसरी भोक्राह नर्सिङ गाउँपालिका-३ बस्ने १९ वर्षीय सन्तोष मेहतालाई प्रहरीले पक्राउ गरेको छ ।

उदयपुर त्रियुगा नगरपालिका-७का सवारी दुर्घटनाका घाइतेलाई न्युरो अस्पताल विराटनगरमा उपचारमा लाग्ने सम्पूर्ण औषधि उक्त मेडिकल हलबाट खरिद गर्न भनी अग्रिम २ लाख रुपैयाँ डिपोजिट राखेकोमा औषधिको पैसा तिर्न जाँदा औषधिको मूल्य बढाउन सच्याएको बिलसहित उनलाई प्रहरीले पक्राउ गरेको हो ।

यसैबीच भोटखोला गाउँपालिका-२ लिङ्गमबाट खाँदबारी नगरपालिका-१ बस्ने २६ वर्षीय तोप्चेन भोटेलाई सुन जस्तो देखिने पहेंलो धातु करिब ५ केजी

*(बाँकी अन्तिम पृष्ठमा)*

## सूचना ! सूचना !! सूचना !!!

**खप्तडी बुढाथोकी क्षेत्री सेवा समाज** (K.B.S) झापाद्वारा निर्माण भएको जि.का.स. झापाको भवन तथा सभाहल निर्माण कार्य सम्पन्न भइसकेको हुँदा मिति २०७६ साल कात्तिक ७ गते बिहीबारका दिन समुद्घाटन हुने भएकाले झापाबासी सम्पूर्ण सप्तडी बुढाथोकीहरुलाई उक्त कार्यक्रममा उपस्थिति भइ दिनु हुनका लागि हार्दिक अनुरोध गर्दछौं ।


**मिति : २०७६ साल कात्तिक ७ गते**
**स्थान : बिर्तामोड नपा-९, नडियाबारी** **समय : दिनको १०:०० बजे**
**असमर्थताको लागि मो. नं.:- ९८४२६३१३५२, ९८१४०२३६१५**
**जिल्ला कार्य समिति, झापा**

नेपालीहरुको लागि भरपर्दो सेवा

## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

**निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर**

पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## यौन तथा प्रजनन् रोगका विरामीहरुका लागि खुशीको खबर

**भोलि मंगलवारका दिन काठमाडौंबाट आउनु हुने विशेषज्ञ डाक्टरद्धारा सेवा दिइने हुँदा विरामीहरुले मौकाको फाइदा लिनुहोला ।**

**हाम्रा सेवाहरुः** सबै खालका शारीरिक तथा मानसिक यौन समस्याहरु, पुरुषमा हुने शीध्रपतन, धातु खस्ने, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, चिलाउने, स्वप्नदोष, सरुवा यौन रोग साथै उमेर अनुसार यौन अंगको विकास नहुने, मलिाहरुको महिनावारी गडबढी, सेतोपानी बग्ने, तल्लो पेट दुख्ने, बाँझोपन, ढाड दुख्ने, यौन सम्बन्धी सबै खालका समस्याहरुको सफल उपचार । त्यस्तै गरी महिला तथा पुरुषमा हुने निसन्तानपनको विशेष परामर्श तथा सफल उपचार गरिन्छ ।

**माता मनकामना आयुर्वेद क्लिनिक**

अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

## सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरुको सेवा

**डा. सीपी यादव**
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

**डा. दीपक पौडेल**
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

**दैनिक सेवाहरुः**
- बालरोग सेवा
- स्त्री तथा प्रसूति सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- छाला तथा यौन रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

**सञ्जीवनी अस्पताल प्रालि**
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

## कर्मचारी आवश्यकता

झापाको बिर्तामोडबाट प्रशारण हुन लागेको एक प्रतिष्ठित अनलाइन टेलिभिजनका लागि निम्न अनुसारका सञ्चारकर्मी र कर्मचारीहरु आवश्यकता भएकोले यो सूचना प्रकाशित भएको मितिले ५ दिनभित्र सम्पर्क गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशित गरिएको छ ।

१) पदः समाचार वाचक तथा सम्पादक — संख्या - १ जना
२) पदः कार्यालय प्रतिनिधि — संख्या १ जना

योग्यताः

**समाचार वाचक तथा सम्पादकको हकमा**
१) कम्तीमा +२ गरेको हुनुपर्नेछ ।
२) पत्रकारिता विषय अध्ययन गरेको वा तालिम/ सिप हासिल गरेको ।
३) प्रष्ट आवाज भएको र समाचार सम्पादन गर्न सक्ने ।
५) कम्प्युटरमा टाइपिङ/इडिटिङ र न्यूज इटिडिङ गर्न सक्ने हुनुपर्नेछ ।

**कार्यालय प्रतिनिधिको हकमा**
१) समाचार सम्बन्धी ज्ञान भएको, मार्केटिङ र विज्ञापन संकलन र जनसम्पर्कमा राम्रो दख्खल भएको हुनुपर्नेछ ।

**सेवा सुविधाः श्रमजीवी पत्रकार ऐन बमोजिम हुनेछ ।**

**ग्लोबल सञ्चार मिडिया प्रा.लि.**
शनिश्चरे रोड, हिमालय बैंक छेउ
अफिस सम्पर्कः ०२३-५४३०६९, ९८१०२५२८८२

## Phalgunanda Rural Municipality
## Office of Rural Municipal Executive
Phaktep , Panchthar
1 No. Province , Nepal

## Invitation for Sealed Quotation

Sealed Quotation No: PRM/SQ-02/2076/77
Date of Publication: 15th Oct , 2019

1. Phalgunanda Rural Municipality invites sealed quotations from registered Suppliers for the Supply and delivery of CGI (coloured) Sheets .
2. Interested eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Phalgunanda Rural Municipality, Phaktep , Panchthar, Mobile: +977 9852684384/ 9852684385, E-mail: ito.phalgunandamun@gmail.com
3. Sealed Quotation Forms may be purchased by eligible Suppliers on the submission of a written application and upon payment of a non-refundable fee of **Rs.1000.00** till 29th Oct , 2019 during office hours . Non-refundable fee shall be submit directly in the purchaser office and collect receipt or should be deposited in Deposit Account **No. 06901400250047** with Account name **"Phalgunanda Gaunpalika"** of Nepal Investment Bank , Ranke Branch and submit the receipt of the deposited amount of cash during the collection Sealed Quotation Forms.
4. Sealed Quotations must be submitted to the above office on or before 12:00 noon 30th Oct , 2019. Quotation received after this deadline shall not be accepted.
5. Quotations must be valid for a period of **45 days** after opening of Sealed quotations and must be accompanied by Cash Security or Bank Guarantee, amounting to a **minimum of 35,000.00** which shall be **valid for 75 days** after opening of the Sealed Quotations.
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. **06901400250023** with Account name **"Phalgunanda Gaunpalika"** of Nepal Investment Bank Limited,Ranke Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
7. Sealed Quotation shall be opened in the presence of Suppliers' representatives who choose to attend at **1:00 PM on 30th Oct , 2019**at the office of Phalgunanda Rural Municipality, Phaktep, Panchthar
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered the last day.
9. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.
10. All the document submitted by the eligible bidder should be verified by authorized notary.

# झापामा १०८ कुण्डको कोटीहोम

## नेपालमा भन्दा अन्तर्राष्ट्रिय बजारमा प्रचार तीव्र

**बिनोद सापकोटा**

**झापा, असोज २७।** 'पर्यटन भ्रमण वर्ष, २०२०' लाई लक्षित गरी नेपालमा पहिलोपटक गौ संरक्षणका लागि आयोजना गर्न लागिएको कोटीहोमको प्रचार नेपालमा भन्दा अन्तर्राष्ट्रिय बजारमा तीव्र भएको छ। कात्तिक २७ गतेदेखि मंसीर ९ गतेसम्म हुने १०८ कुण्डको कोटीहोमको अन्तर्राष्ट्रिय बजारमा गरिएको प्रचारप्रसारकै कारण त्यहाँ चर्चा हुन थालेको हो।

झापाको शिवसताक्षी नगरपालिका-११स्थित महाभारत इतिहाससँग जोडिएको धार्मिक तथा पर्यटकीयस्थल सताक्षीधाममा पहिलोपटक गौ संरक्षणका लागि १०८ कुण्डको कोटीहोम हुन लागेको हो। अन्तर्राष्ट्रिय बिद्धत परिषद्का प्रवक्ता आचार्य घनश्याम खनालले नेपालमा भन्दा भारत, सिंगापुर, अमेरिका, जर्मन, मालदिभ्स, अफ्रिका लगायत अन्य मुलुकमा सताक्षीधाममा आयोजना हुने कोटीहोमको प्रचारप्रसार तीव्र भएको बताए।

पोष्टर, पम्प्लेटिङ्ग, माइकिङ्ग, ठाउँ-ठाउँमा कोटीहोमको महत्व र यसको आवश्यकताका विषयमा जानकारी दिएर अन्तर्राष्ट्रिय क्षेत्रमा प्रचारप्रसारलाई तीव्र बनाइएको प्रवक्ता खनालले जानकारी दिएका छन्। भारतको दिल्ली, वृन्दावन, मथुरा, गुजरात, हरिद्वार, मुम्वई, कलकता, बनारस लगायत पश्चिम बंगालमा प्रचारप्रसारका लागि सयौ नेपाली भाषी र स्थानीय हिन्दूवादी स्वयम्सेवक परिचालित भएका छन्। आयोजकले नेपाल बाहेक बिश्वका २० हजार पर्यटक कोटीहोममा सहभागी हुने दावी गरेको छ। यस्तै नेपालका डेढ लाख आन्तरिक पर्यटक सताक्षीधाम आएर कोटीहोममा सहभागी हुने आयोजकले बताएको छ।

सताक्षीधाममा ५ वर्ष अघिमात्र स्थापित गोलोक गोवर्द्धन गौशालाले गाईको महत्व, आवश्यकता र शास्त्रीय गुणको वारेमा चेतना दिनुका साथै पर्यावरणीय शुद्धीका लागि कोटीहोमको आयोजना गर्न लागिएको बताएको छ। गौशालाका पिठाधीश आचार्य नन्दकिशोर भारद्वाजले कोटीहोमसँगै श्रीसताक्षी अष्टोत्तरशत्कुण्डीय श्री गोपाल महायज्ञ (कोटीहोम) एवम् श्रीमद् देवीभागवत कथा महोत्सव समेत आयोजना हुने बताएका छन्। गौशाला स्थापनापछि सताक्षीधाममा वर्षैनि धार्मिक महोत्सव आयोजना हुँदै आएको छ। सडकमा यत्र-तत्र रहेका, घर-गाउँका स्थानीयले पालन पोषण गर्न नसकेका, रोगी, बृद्धगाईको संरक्षण गर्न, गाईको महत्व र अर्थ बुझाउनका साथै सताक्षीधामको पर्यटन प्रवर्द्धनका लागि कोटीहोम हुन लागेको पिठाधीश भारद्वाजले बताएका छन्।




नेपाल सरकारले सन् २०२०लाई नेपाल पर्यटन भ्रमण वर्ष मनाउने तयारी भइरहेका बेला सताक्षीधाममा आयोजना हुन लागेको कोटीहोमले सकारको कार्यक्रमलाई सहयोग पुर्‍याएको नेकपा शिवसताक्षीका अध्यक्ष महेन्द्र भट्टराईले बताएका छन्। उनले भने- 'कोटीहोमले १ नम्वर प्रदेशको पर्यटन प्रवर्द्धन हुने छ।' कोटीहोम सम्पन्न गराउनका लागि २५ केभिएको ट्रान्सफर्मेमिटरलाई हटाएर ५० केभिएको राखिएको छ- उनले भने- 'नेपालकै ठूलो कोटीहोम झापामा आयोजना हुन लागेकोमा यसले पूर्वको गौरव मात्र होइन धार्मिक एकता समेत पुर्‍याउनेमा विश्वास लिनु पर्छ।' कोटीहोममा नेपाल लगायत विश्वका ५५१ जना ब्राम्मणले दैनिक होम गर्ने आयोजक गोलोक गोवर्द्धन गौशालाले जनाएको छ। यो संख्यामा पोल्याण्ड, सिंगापुर, भारत, अमेरिका, जोर्डन र जर्मनका चर्चित धार्मिक वक्ता पनी रहने छन्। आयोजकका अनुसार दिनहुँ धार्मिक गुरुवाट आर्शिबचन हुनेछ।

कोटीहोममा आउने अतिथिका लागि करिव ३५ वटा कुटी निर्माण शुरु भएको छ। एउटा कुटीमा वढीमा ४ जना सम्म विदेशी पाहुना अटाउन सक्नेछन्। गौशालाका पिठाधीश भारद्वाजका अनुसार बाँसका किला, खर र टाँटीको वेरामा निर्माण भएको कुटी एटेच वाथरुमसहित हुने छ। आयोजकका अनुसार विदेशी पाहुना र सर्वसाधारणको सुरक्षाको लागि नेपाल सरकारसँग सुरक्षा व्यवस्था मागिनेछ। त्यसका अलवा स्वयम्सेवक, सीसी क्यामेरा र ड्रोन क्यामेराबाट कोटीहोमस्थलको सुरक्षा व्यवस्था कडा बनाइनेछ। कोटीहोमका लागि गजुरसहित ९ तलाको वाँसजन्य बस्तुबाट जडित यज्ञ कुण्ड निर्माण शुरु भएको छ। सोमबारसम्म ३ तलाको यज्ञ मण्डपको छाना निर्माण भइसकेको आयोजक गौशालाले जनाएको छ।

यस अघि झापाको कनकाई नदीको पूर्वीतटीय क्षेत्रमा स्वर्गीय योगी नरहरी नाथले २०४२ सालमा ५ कुण्डको कोटीहोम आयोजना गरेका थिए। अहिले सो क्षेत्रको नाम कोटीहोम रहन गएको छ। झापाको सताक्षीधाममा आयोजना गर्न लागिएको कोटीहोमको कुण्डीय महत्वका आधारमा नेपालमै पहिलो र ठूलो मानिएको अन्तर्राष्ट्रिय विद्धत परिषद्का प्रवक्ता खनालले दावी गरे। कोटीहोमले पर्यावरणलाई शुद्ध गर्ने धार्मिक बिश्वास छ।

कोटीहोमका लागि आयोजकले २ करोड रुपैयाँ खर्च हुने अनुमान समेत गरेको छ। आयोजकका अनुसार सवैभन्दा धेरै खर्च चरु २७ हजार किलोग्रामको ७१ लाख हुने बताइएको छ।

# गोलभेँडाले शुक्रकीटको गुण 'बढाउँछ'

**झापा, असोज २७।** गोलभेँडामा पाइने लाइकपीन नामक पोषक तत्वले पुरुषमा शुक्रकीटको गुण बढाउने एउटा अनुसन्धानले देखाएको छ।

प्रत्येक दिन गोलभेँडाको दुई चम्चा गाढा लेदो ( प्युरी) सेवन गर्ने स्वस्थ पुरुषमा गुणात्मक रूपमा राम्रो शुक्रकीट बनेको पाइएको छ। सन्तान जन्माउन नसक्ने दम्पतीमध्ये आधाजसोमा पुरुषमा बाँझोपन भएको पाइन्छ। विज्ञहरूले पुरुषमा हुने बाँझोपनको समस्याबारे थप अध्ययन हुनुपर्ने औँल्याएका छन्। यूकेको राष्ट्रिय स्वास्थ्य सेवा एनएचएसले बाँझोपनको समस्या भएका पुरुषलाई स्वस्थ जीवनशैली अवलम्बन गर्न तथा खुकुलो भित्रीलुगा लगाउन सल्लाह दिने गरेको छ।

एनएचएसले गर्भाधानको सम्भावना बढाउन यथासम्भव तनाव घटाउन तथा महिलाको अण्डोत्सर्जनको बेलामा यौन सम्पर्क गर्न सुझाव दिएको छ। तर, केही पोषक तत्वले पुरुषमा पुंसत्व बढाउने अवधारणा केही समययता प्रबल रूपमा देखिएको छ। पहिलापहिला गरिएका अनुसन्धानहरू भिटामिन ई र जिङ्कको प्रभावमा केन्द्रित थिए। तिनमा जस्तै लाइकपीनमा पनि कोषलाई अक्सिजनबाट हानी पुग्न नदिने एन्टीअक्सिडन्ट गुण हुन्छ।

यो तत्वले हृदयरोग र केही प्रकारका क्यान्सरको जोखिम घटाउन सघाउने देखिएको छ। खाद्यपदार्थमा पाइने लाइकपीन सोस्न शरीरलाई गाह्रो हुने भएकाले यो अध्ययनमा सहभागी मानिसलाई अतिरिक्त ल्याक्टोलाइकपीन दिइएको थियो। त्यसरी प्रत्येक पुरुषले उही मात्रामा उक्त तत्त्व पाएका थिए। उही मात्रामा लाइकपीन पाउन प्रत्येक व्यक्तिले पकाएको दुई किलो गोलभेँडा खानुपर्ने हुन्थ्यो।

बाह्र हप्ता चलेको परीक्षणमा ६० जना सहभागी भएका थिए। प्रत्येक पुरुषलाई प्रत्येक दिन १४-१४ मिलिग्राम ल्याक्टोलाइकपीन दिइएको थियो। यो



अध्ययन लाइकपीन उत्पादन गर्ने कम्पनीले आंशिक आर्थिक सहयोग उपलब्ध गराएको थियो। उनीहरूको शुक्रकीट अध्ययनको प्रारम्भमा, छ हप्तामा र अन्तिममा जाँचिएको थियो।

शुक्रकीटको परिमाणमा भिन्नता नभए पनि अतिरिक्त लाइकपीन सेवन गरेका व्यक्तिमा स्वस्थ शुक्रकीट र तिनको गतिशीलताको अनुपात बढेको पाइयो। युनिभर्सिटी अफ शेफील्डसँग आबद्ध पोषणविद् डा. लिज विलीअम्जको नेतृत्वमा भएको शोध युरोपियन जर्नल अफ न्यूट्रिशनमा प्रकाशित भएको छ। तत्काल पुरुषलाई हामीले दिन सक्ने सुझाव धेरै कम छ- उनले भनिन्।

हामी उनीहरूलाई मदिरा सेवन घटाउन र स्वस्थकर खानेकुरा खान भन्छौँ। तर यी सामान्य सुझाव हुन्। उनले भनिन्- यो सानो अध्ययन हो र हामीले यो ठूलाठूला परीक्षण गर्नुपर्छ। तर परिणाम धेरै उत्साहप्रद छ। उनका अनुसार अब पुंसत्वसम्बन्धी समस्या भएका पुरुषमा यो परीक्षण गरिनुपर्छ। त्यसबाट लाइकपीनले शुक्रकीटको गुण बढाउन तथा जोडीहरूलाई गर्भाधान गर्न तथा बाँझोपन सम्बन्धी महंगो उपचारविधिबाट जोगिन सघाउँछ कि सघाउँदैन त्यो देखाउन सक्नेछ। बीबीसी

# गीतका विषयमा छलफल

**बिर्तामोड, असोज २७।** नेपालको राजनीतिक परिर्वतनमा प्रगतिशील गीतको योगदान विषयक एक दिवसीय कार्यक्रम झापाको धुलावारीमा सम्पन्न भएको छ।

त्रिभुवन विश्व विद्यालय राजनीतिक शात्र केन्द्रीय विभाग अन्तरगत विद्यावारिधि अनुसन्धान प्रयोजनका लागि भन्दै अनुसन्धानकर्ता टीकाप्रसाद भण्डारीले क्षेत्रगत समूह केन्द्रीत छलफल गराएका हुन्। नेपालको राजनीतिक विज्ञान र संगीतको विज्ञानलाई जोड्ने माध्यम गीत संगीत रहेको भन्दै उनले समूहगत रुपमा छलफलको आयोजना गरेको हो। छलफलमा जिल्लाका लब्ध प्रतिष्ठित व्यक्तिहरुको सहभागिता रहेको थियो।

२०४६ सालसम्मका गीतलाई आधार बनाएर समूह विभाजन गर्दै भएको छलफलमा सहभागीले आ-आफ्नो धारणा राखेका थिए। रेडियो नेपालका उपनिर्देशक समेत रहेका संगीतकार भण्डारीले आफ्नै गृहजिल्लाबाट विद्यावारिधिका लागि अभियानको शुरुवात गरेको बताएका थिए। नेपालको राजनीतिक परिर्वतनमा प्रगतिशील गीतको योगदान विषयमा अहिलेसम्म कसैले पनि खोज नगरेको हुँदा सो विषयमा आफूले खोज शुरु गरेको बताए।

पहिलो चरणमा झापामा सुझाव संकलन गरिएको र मोरङ, सिन्धुपाल्चौक , काठमाडौं लगायतका जिल्लाहरुसमेत सुझाव संकलन गरिने भएको छ।

# उद्धार कला प्रदर्शनी



**बिर्तामोड, असोज २७।** अन्तर्राष्ट्रिय बिपद् जोखिम न्यूनीकरण दिवसको अवसरमा अर्जुनधारा नगरपालिकाले एक दिने उद्धार कला प्रदर्शनी आयोजना गरेको छ।

प्रदर्शनीमा नेपाली सेना र नेपाल प्रहरीको टोलीले बाढीमा डुबेका मानिसलाई गर्ने उद्धार कला प्रस्तुत गरेका थिए।

नगरपालिकाको सालबारी झिलमा आयोजना गरेको कार्यक्रममा नयाँ श्रीनाथ गणको टोलीले डोरी, रबर बोट, ट्युव र घरायसी सामग्रीको प्रयोग गरेर पानीमा डुबेका मानिसलाई उद्धार गर्ने कला प्रस्तुत गरेका थिए। यसैगरी नेपाल प्रहरीको टोलीले उद्धारका क्रममा हुनसक्ने दुर्घटना र त्यसबाट बच्ने उपायका बारेमा प्रदर्शनी गरेको थियो।

गतबर्ष नै आयोजना हुने भनिएको प्रदर्शनीको अघिल्लो दिन सशस्त्र प्रहरीको एकजना गोताखोरको मृत्यु भएपछि स्थगित भएको थियो। त्यसबर्ष स्थगित भएको प्रदर्शनी यसबर्ष आयोजना गरिएको नगरप्रमुख हरिकुमार रानाले बताए। उनले धेरैवटा खोलानाला भएको नगरपालिका भएको हुनाले त्यसबाट हुनसक्ने सम्भावित जोखिम कम गर्न प्रदर्शनी आयोजना गरिएको जानकारी दिए।

# नालीमा डुबेर बालिकाको मृत्यु

**मोरङ, असोज २७।** मोरङको उर्लावारी नगरपालिका-४ वानडाँडा बस्ने कुमार मगरको २ बर्षीया छोरी निरजला मगरको नालीमा डुबेर मृत्यु भएको छ।

बालिका घर छेउको नालीमा डुबीरहेको छिमेकीले देखि तत्काल उपचारको लागि मंगलवारे अस्पताल लगेकोमा अस्पताल पुर्‍याउना साथ मृत्यु भएको इलाका प्रहरी कार्यालय बेलवारीले जनाएको छ।

घटनास्थलमा गएको प्रहरीको टोलीले कानूनी प्रकृया पूरा गरी घटनाबारे थप अनुसन्धान गरिरहेको उक्त कार्यालयले जनाएको छ।

### औषधि ...

र नगद ३८ हजार ८० रुपैयाँसहित प्रहरीले सोमवार पक्राउ गरेको छ। प्रहरी चौकी चेपुवाबाट गएको प्रहरीले जाँच गर्ने क्रममा तोप्चेनले बोकेको झोलामा उक्त धातु तथा नगदसहित फेला पारी पक्राउ गरेको हो।

### अण्डाको ...

गरेका छन्। यो संख्या बढाउन सकेमा मात्र पनि आफूहरुलाई राहत मिल्ने उनको भनाइ छ। स्थानीय, प्रदेश र सघीय सरकारले यस बिषयमा ध्यान नदिएको पनि अण्डा उत्पादक किसानहरुको भनाइ रहेको छ।

# दैनिक ज्यालादारी कर्मचारी संगठित


**काँकरभिट्टा, असोज २७।** नेपाल विद्युत् प्राधिकरण धुलावारी वितरण केन्द्रमा कार्यरत् दैनिक ज्यालादारी कर्मचारीहरु संगठित भएका छन्।

सोमबार एक कार्यक्रमकाबीच प्रदेश नम्बर १ विराटनगर अन्तर्गत रहने गरी धुलावारी इकाई कमिटी गठन भएको छ। सो संघर्ष कमिटिको अध्यक्षमा बरुण राजवंशी चयन भएका छन्। त्यस्तै उपाध्यक्षमा संगीता कटवाल, सचिवमा गौरव कटवाल, कोषाध्यक्षमा टुकेन्द्रप्रसाद ढुंगेल चयन भएका छन्।

त्यस्तै सदस्यहरुमा निर्मला चौहान ( बुढाथोकी), विकास जोगी र हर्क मगर रहेका छन्। त्यस्तै बरिष्ठ सल्लाहकारमा धनबहादुर गिरी, सल्लाहकारमा कृष्णप्रसाद कट्टेल र तारानाथ चौहान चयन भए। नेपाल विद्युत् प्राधिकरण दैनिक ज्यालादारी कर्मचारी संघर्ष समिति प्रदेश नम्बर १का संयोजक डोलमान बुढाथोकी (डम्बर विसी) को सभापतित्वमा भएको कार्यक्रममा समिति गठन भएको हो। काँकरभिट्टामा भएको कार्यक्रममा नेपाल विद्युत् प्राधिकरण दैनिक ज्यालादारी कर्मचारी संघर्ष समितिका केन्द्रीय सदस्य उत्तमकुमार राईको प्रमुख आतिथ्य रहेको थियो।

त्यस्तै प्रदेश नम्बर १का सचिव युवराज काफ्ले, प्रदेश सदस्य तिलचन अर्याल, अनारमनी वितरण केन्द्रका सचिव दीपक पाण्डे, भद्रपुर वितरण केन्द्रका सदस्य तुलसी आचार्य लगायतको आतिथ्य रहेको थियो। सोही अवसरमा नेपाल विद्युत् प्राधिकरण धुलावारी वितरण केन्द्रका प्रमुख इञ्जिनियर अनिलकुमार अधिकारीलाई सफल कार्यकालको शुभकामना पनि दिइएको थियो।

# 'घामड शेरे' कात्तिक ८मा



रियल लाइफ कपल निश्चल बस्नेत र स्वस्तिमा खड्का पहिलोपल्ट 'रिल लाइफ' मा पनि सँगै देखिने भएका छन्।

'निस्तिमा' (निश्चल-स्वस्तिमा) जोडीले पहिलो पटक फिल्म 'घामड शेरे' मा एउटै स्क्रिन शेयर गरेका हुन्।

निश्चल र स्वस्तिमाको मुख्य भूमिका रहेको यस फिल्मलाई हेमराज बिसीले निर्देशन गरेका हुन्। फिल्ममा निश्चलको सालीको भूमिकामा स्वस्तिमा प्रस्तुत भएकी छिन्।

सोसल ड्रामा र डार्क ह्युमर जनरामा निर्माण भएको यो फिल्म तिहारको अवसर पारेर कात्तिक ८ गतेदेखि देशभरि प्रदर्शन हुँदैछ।

### बुबाको ...

उपचारका लागि मोटो रकम चाहिने भएपछि हामीले कतार र दुवइमा रहेका प्रवासी नेपालीबाट रकम सङ्कलन गर्न शुरु गरेका थियौं तर उनको उपचारकै क्रममा निधन भएपछि उक्त रकम छोरीको पढाई खर्चका लागि प्रदान गरिएको हो।

लम्सालको उपचारका लागि कतारबाट ४ लाख ५० हजार र दुवईबाट २ लाख २१ हजार ३ सय ८९ रुपैयाँ संकलन गरिएको हो- चम्लगाँईले भने। पुष्पजीको उपचारका लागि म आफैले मात्रै दुई लाख रुपैयाँ प्रदान गरेको थिएँ- उनले भने -प्रेम चम्लगाईबाट २५ हजार, जीवन चम्लगाँईबाट २५ हजार प्रदान गरिएको थियो।

त्यस्तै उनको उपचारका लागि अन्य प्रवासमा रहेका थुप्रै नेपालीले सहयोग गरेको चम्लागाँईले बताए। समिराको पठनपाठनका लागि प्रवाासी नेपालीले ६ लाख ७१ हजार ३ सय ८९ रुपैयाँ सहयोग प्रदान गरेपछि समिराका हजुरवुवा नारायणप्रसादले समेत २८ हजार ६ सय ११ रुपैयाँ नातिनीलाई प्रदान गर्दै सात लाख रुपैयाँको नेपाल इन्भेष्टमेन्ट बैंकमा मुद्दति वचत खाता खालेर रकम जम्मा गरिएको जानकारी दिए। लम्सालकको ब्लड क्यान्सरको कारण गत असोज १२ गते उपचारकै क्रममा सिभिल अस्पताल काठमाडौंमा मृत्यु भएको थियो।

**भिटा विक्रीमा**

बिर्तामोड-१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट विक्रीमा छ।
२० फुटे बाटो। ४० फुट मुख। ९२ फुट लम्बाई। वरिपरि प्लम उठाइएको।
लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम।
अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)
उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम।
तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला।
मो. ९८२३७२६९७९

**श्री मोहनमाया माध्यमिक विद्यालय**
बिर्तामोड न.पा. २, झापा

**CTEVT बाट सम्बन्धन प्राप्त ३ बर्षे Diploma in Hydropower Engineering मा भर्ना खुल्यो ! Admission open !**

**कुल सिट संख्या :- ४८ जना**

यस श्री मोहनमाया माध्यमिक विद्यालय, बिर्तामोड न.पा.- २, चारपाने झापामा यसै शैक्षिक सत्र (२०७६/०७७) का लागि डिप्लोमा तहको हाईड्रोपावर इञ्जिनियरिङ्ग विषयमा भर्नाका लागि CTEVT पनिकाद्वारा शैक्षिक सत्र २०७६/७७ मा लिइएको डिप्लोमा तथा प्रमाण पत्र तहको प्रवेश परीक्षामा सामेल भई उत्तीर्ण सूची (Cut Off List ) मा रहेका इच्छुक परीक्षार्थीहरुलाई विद्यालयमा सिधा सम्पर्क गर्नुहुन साथै अन्य इच्छुक विद्यार्थीहरुको लागि प्रवेश परीक्षामा सामेल हुन फारम वितरण भइरहेको सूचना सम्बन्धित सबैमा जानकारी गराइन्छ।

**यस हाइड्रोपावर इञ्जिनियरिङ विषयका विषेशताहरु :**
१) विभिन्न जलविद्युत परियोजनामा रोजगारीको अवसर भएको।
२) सिमित जनशक्ति उत्पादन हुने भएकोले हाइड्रोपावर इञ्जिनियरिको अत्याधिक माग रहेको।
३) विद्युत् प्रणाली तथा सव-स्टेसनहरुमा हाइड्रोपावर इञ्जिनियरहरुको अत्याधिक माग रहेको।
४) नेपाल विद्युत् प्राधिकरणको विद्युत् उत्पादन र अन्य क्षेत्रमा स्थायी रोजगारीको अवसर भएको।
५) विभिन्न निजी क्षेत्रद्वारा सञ्चालित विद्युत् उत्पादन गृह र विद्युत् परियोजनामा रोजगारीको अवसर भएको।

**फारम पाइने र बुझाउने स्थानः-** CTEVT को वेभसाइट WWW.CTEVT.ORG.NP बाट डाउनलोड गरी वा विद्यालयबाट लिइ रीतपूर्वक भरी मोहनमाया माध्यमिक विद्यालयमा बुझाउनु पर्नेछ।
**फारम वितरणः-** २०७६ असोज १७ गतेबाट
**फारम बुझाउने अन्तिम मितिः-** २०७६ कात्तिक १ गतेसम्म
**प्रवेश परीक्षा शुल्क :-** रु.१,५००।-
**प्रवेश परीक्षा मितिः-** २०७६ कात्तिक १४ गते विहीबार, बिहान ८:०० बजेदेखि
(Cut Off List मा रहेका परीक्षार्थीहरुले प्रवेश परीक्षामा पुनः सामेल हुन नपर्ने।)
**आवेदन फारमका साथ पेश गर्नुपर्ने कागजातहरुः-**
क) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको MRP साइज (35 mm x 45 mm) को २ प्रति रंगीन फोटो।
ख) S.L.C. jf T.S.L.C. jf S.E.E. (गणितमा र विज्ञानमा C साथै अंग्रेजीमा D+ ग्रेड प्राप्त) वा सो सरहको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी।
ग) जन्मदर्ता वा नागरिकताको प्रमाणित प्रतिलिपि।
घ) अन्य जानकारीको लागि विद्यालयमा सर्म्पक गर्नहुन जानकारी गराइन्छ।
**सम्पर्कः-** ९८४२७१४३५५, ९८४२६२५३८१, ९८४२७०४७३४, ९८०३४७०१६० ,९८४२७५०१८१

**शेरबहादुर श्रेष्ठ : प्रधानाध्यापक**

**Private / Open SEE 2076**
प्राईभेट SEE कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरुले यस वर्ष नै SEE पास गर्न सक्नेछन्।
**पाइथागोरस एजुकेशन फाउण्डेशन**
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033

**बोलपत्रको फारम बुझाउने म्याद थप भएको सूचना**

यस बिद्यालयको बाली बिज्ञान प्रयोगशालाको सामग्री खरिद गर्नको लागि यस अघि मिति २०७६।०६।०७मा पूर्वाञ्चल दैनिकमा प्रकाशित सूचना अनुसारको बोलपत्र बुझाउनुपर्ने मिति थप गरी आगामी २०७६ साल कात्तिक ३ गते आइतबारसम्म बढाइएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**हेमन्त आचार्यः प्रधानाध्यापक**
**श्री शान्ति निकेतन माध्यमिक बिद्यालय**
रोङ गाउँपालिका-३, कुटीडाँडा, इलाम
सम्पर्क नम्बर ९८५२६८१८०७

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भुपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

श्रीअन्नु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टेरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

**सम्पादकीय**

## दाइजो सधैंका लागि अन्त्य होस्

**दाइजो प्रथा नेपाल, भारत दुबै देशका लागि सामाजिक समस्या बनेको छ । नेपालको तराई क्षेत्रमा दाइजोसँगै बाल विवाहका कारण उत्पन्न परिस्थितिले बर्षेनि धेरै घटना भइरहेका छन् । कानूनतः यी दुबै सामाजिक अपराध हुनु र कसुरदार दण्डित हुन्छन् । तर, थाह भएर/नभएर यस्ता समस्याहरुको निर्मूल भइरहेका छैनन् । खासगरी मधेशी समुदायमा व्यापक जस्तै रहेको दाइजो प्रथाले धेरैले घरबार बिगारेको छ, अङ्गभङ्ग गराएको छ भने कतिपयको ज्यानै जाने गरेको छ ।**

**पछिल्लो समय प्रदेश नम्बर १ को राजधानी सरहको विराटनगर उपमहानगरपालिका–११ की एक चेलीको दाइजोकै कारण मृत्यु भएको छ । स्थानीय मनिकचन्द सहनीको २२ वर्षीया छोरी रञ्जुदेवीको भारत अररिया जिल्लाको परवाना नदीको मिरगञ्ज पुल नजिक पानीमा डुबेको अवस्थामा शव फेला पर्‍यो । रञ्जुका माइतीले उनका पति, जेठाजु, ससुरा र छिमेकी एक व्यक्तिका विरुद्ध किटानी जाहेरी दिएपछि भारतीय प्रहरीले उनीहरुलाई पक्राउ गर्‍यो । रञ्जुका माइतले पनि भीम लगायतले दाइजोको विषयमा शारीरिक तथा मानसिक यातना दिएको आरोप लगाएका छन् । त्यहीकारण रञ्जुको हत्या गरिएको माइती पक्षको आरोप छ ।**

**छोरीलाई विवाहमा सामान्यतः केही वस्तु दिइन्छ । क्षमता अनुसार दिइने यस्ता वस्तुलाई दाइजो नभने पनि हुन्छ । तर, शर्त राखेर गरिने विवाहमा भने दाइजोको चलखेल हुन्छ । निकै ठूलो, शिक्षित र सम्भ्रान्त भनिने परिवारमा समेत क्षमताभन्दा बढी दाइजो माग गर्ने गरेको र त्यसैले पारिवारिक बिग्रह र जीवनकै अन्त्य हुने गरेका कैयौं दृष्टान्त छन् हामी कहाँ । जीवनलाई ऐश्वर्यसँग तुलना गर्ने मानसिकता कुनै अर्थमा स्वभाविक हुन्न । यस्ता कारणले धेरै नेपाली चेलीहरुले भारतमा मृत्युवरण गर्नु परेको छ । त्यही सूचीमा थपिएकी छन्– रञ्जुदेवी । यसले सभ्य समाजको पहिचान दिन सक्दैन ।**

**मानिस संसारभरका एउटै हुन् । कहीं, कतै र कसैले अनाहकमा जीवन गुमाउनु हुँदैन । जन्म जस्तै खान र बाँच्न पाउनु मानिसको नैसर्गिक तथा जन्मसिद्ध अधिकार हो । यस्तो अधिकार कुनै पनि बहानामा कुण्ठित हुनुहुँदैन । जहाँ, जसले र जसरी पनि यस्तो अधिकार खोस्ने दुष्प्रयास गरिए तिनलाई कानूनको कठघरामा उभ्याउनु पर्दछ । भारत, नेपाल दुबै देशको सामाजिक समस्याका रुपमा रहेको दाइजो लगायतका कुप्रथाको अन्त्य गर्न सम्बद्ध पक्षले गहिरो अनुसन्धान गर्नुपर्छ । दोषी पाइएका जोकाहीलाई कानूनको दायरामा ल्याउनुपर्छ । यसले मात्र सभ्य र उन्नत समाजको निर्माण गर्न बल पुग्नेछ ।**

### कृषि गुरु रामासिष भन्नुहुन्छ...

# देशको विकास गर्न नेता र जनता सुध्रनुपर्छ



रामचन्द्र उप्रेती

समग्रमा हामी दुनियाँका अगाडि गरीब देशका गरीब जनता हौं । देशभित्र भने कोही गरीब, अति गरीब, मध्यम र धनीमा वर्गीकरण हुन सक्छौं । गरीब भनेको आर्थिक अवस्था मात्रै होइन चेतना पनि हो । गरिबीमा भएका मानिसको स्वास्थ अवस्था कमजोर हुन्छ । सरसफाई कमजोर हुन्छ, शिक्षामा पछाडि हुन्छन् । अवसरमा ठगिएका अर्थात् वञ्चित हुन्छन् । गरिबीमा जीवन जिउने मानिस वा समुदाय शोषणमा परेका हुन्छन् । गरिबी पछौटे जीवन जिउन बाध्य मानिसलाई शोषण उत्पीडन गर्ने मानिस कतै टाढाबाट आएको हुँदैन त्यही नजिकै भएको अलि सम्पन्न मानिसका कारण धेरै साधारण मानिस ठगिने र शोषणमा पर्ने हुन्छन् ।

हामी गरीब हुनु, समस्यामा परिरहनु, शिक्षा, स्वास्थ, आवास, भोजन, प्रयाप्त धन आदि हामीसँग नहुनुको मुख्य कारण पहिला-पहिलाका अर्थात् अलि पाका उमेरका मानिस आफ्नै भाग्यलाई दोष दिन्थे/दिन्छौं पनि । हामी भगवानसँग प्रार्थना, भाकल गरेर भाग्य सपार्न र दुःख-कष्टबाट पार पाउने उपाय खोज्ने गर्छौं । किनकि हामीलाई पुस्तौंपुस्तादेखि यसै भन्न र गर्न सिकाइयो । हामीले जे देख्यौं, जे सुन्यौं त्यही सिक्ने हो । अहिलेको पुस्ता आफ्नो गरिबी, पछौटेपन र संकटका लागि नेता र सरकारलाई बढी दोष दिन्छन् र आक्रोश पोख्छन् । यो धेरै बेठिक होइन । किनकि नेताका कारण समाजको विकास हुन सकेन भन्ने कुरामा सत्यता छ । सरकारमा बस्नेहरुले जनताको भलाईभन्दा पनि आफ्नै भलाईलाई प्राथमिकता दिए । लामो समयदेखि देशमा यस्तै अवस्था चलिरहेको कारण कसैले अर्थात् कुनै नेताले देशको जनताको हितमा काम गर्न खोज्यो भने पनि जनतालाई पत्याउन मुस्किल पर्छ । आम मानिसमा पनि कस्तो बानीको विकास भएको छ भने यो सरकार, यी नेताले समग्र हितको काम गरुन् भन्ने भन्दा पनि मेरो हितमा यी नेताले काम गरुन् अरु जेसुकै होस् भन्नेमा छौं भन्दा अत्युक्ति हुँदैन ।

हामी धनले मात्रै गरीब भएका होइनौं भन्ने मेरो बुझाई हो । मानसिकरुपमा पनि निकै कमजोर छौं । विज्ञापनको भर परेर हर्लिक्सले ब्रेनको विकास गर्छ र उचाई बढाउँछ भन्दा पत्याउँछौं । चाउचाउको प्याकेट, कोकाकोलाका बोतलको बिर्को, इनर्जी ड्रिङ्कसको नाममा रेडबुल र यस्तै डिब्बामा भाग्य छ कि भनेर खोज्ने गर्छौं । यस्ता बहुर्राष्ट्रिय कम्पनिका उत्पादन बिक्री गर्न प्रेशित विज्ञापनलाई छाडा छोड्ने सरकार र पत्याउने जनता उस्तै-उस्तै हौं । अर्थात् दुबै गलत छन्/छौं । आफ्ना साना-साना बालबालिकालाई बजारे अस्वस्थकर जङ्कफूड खानु हुँदैन भनेर सम्झाउन नसक्ने बाबुआमा, त्यस्ता सामान नजाँची नहेरी निर्वाध र खुल्ला बिक्री गर्न दिने सरकार, धेरै नाफा हुने बस्तु जस्तो भए पनि राम्रो छ भनेर बेच्ने व्यापारी व्यवसायी सबैको चेतना सभ्य र स्वस्थ समाजका बाधक हुन् । पोलेको, पटक-पटक तेलमा तारेको, भुटेको, बासी, म्याद नाघेको, सरसफाईको मापदण्ड पूरा नगरेको, फोहर पानीको प्रयोग भएको, सडेगलेको, खुल्ला स्थानमा नछोपी राखेको तयारी खाना खाने, बेच्ने, निर्वाध बेच्न दिने सबै दोषी छौं । यो हाम्रो पछौटेपन र गरिबीको कारण हो । के खाने, कति खाने, कसरी खाने, कस्तो खाने, कहिले खाने भन्ने भेद नभएपछि जस्तो भेटियो त्यस्तै खायो गरेपछि ज्यान त खराब हुने नै भयो । ज्यान नै रोगी भएपछि उत्पादकत्व कम हुने र खर्च बढ्ने नै भयो । छिटो धनी हुने चाहना, सजिलो कमाईको सोच, धुर्त र ठगका कुरा सजिलै पत्याउने चलन अर्थात् हाम्रो आफ्नै सोझो पन आदि कारणले गरिबी नै बढाउने हो । त्यसमाथि सरकारको सोच, कार्यशैलीले पनि कहिलेकाहीँ आम मानिसलाईभन्दा केही धुर्तहरुलाई सघाई रहेको हुन्छ ।

हामी सभ्य हुन हाम्रो आनिबानीमा सुधारको आवश्यकता छ । आनिबानीको सुधार सरकारले गर्ने नभई आफ्ना लागि आफैले गर्ने हो । जस्तै स्वास्थलाई हानी गर्ने वस्तु उपभोग नगर्ने हामी आफैले हो । झुक्याएर र गलत भनेर बिक्री गरेको रहेछ भने कार्वाही गर्ने जिम्मा सरकारको हो । यस्ता विषयमा थाहा पाएको कुराको सूचना दिने जिम्मा हामी नागरिकको हो । स्थानीय तहको सरकारले आफ्नो क्षेत्रभित्र जस्तोसुकै व्यवसाय गरे पनि दर्ता गर्नुपर्ने नियम राख्न सक्छ । दर्ता गर्नुको अर्थ राजश्व तिर्नुपर्छ मात्रै होइन । सूचीकृत भएर सरकारको नजरमा म यो काम गर्दैछु, नियम अनुसार गर्दैछु, म स्वरोजगार छु भनेर सूचीकृत हुनु हो । यसरी सूचीकृत हुनु गौरवको विषय हो भनेर बुझाउन प्रयास गर्नुपर्छ, बुझाउनुपर्छ र सबै व्यवसायलाई अनिवार्य सूचीकृत गराउनुपर्छ । हामी आम मानिस पनि भरसक सूचीकृत हुन चाहदैनौं । अहिलेसम्म सूचीकृत नभएरै भएको छ । किन सूचीकृत हुनुपर्‍यो ? के कर लगाउन त होला नि ? सरकारले के दिएको छ र ? भनेर हामी आफै पन्छिन्छौं । यो हाम्रो पछौटेपनको कारण हो ।

हामी आफ्नै ज्यानको, घरको, व्यवसायको सरसफाईमा निकै कमजोर छौं । सार्वजनिक स्थलको सरसफाई त हाम्रो विषय नै होइन भन्ने बुझाई छ । घरमा भएको शौचालय कतिको सफा छ ? भान्साघरको अवस्था कस्तो छ ? पिउने पानी कतिको सफा छ । घरका भुई, भित्ता, आँगन, प्रयोग गरिने बस्तु कतिको सफा छन् ? गोठ, पसल, व्यवसाय आदिको सरसफाईमा कतिको ध्यान दिने गरेका छौं । यो हाम्रो गरिबी मात्रै होइन । हाम्रो चेतना कमजोर छ भने आम्दानी जतिसुकै राम्रो भए पनि सरसफाईमा खासै ध्यान जादैन । यो हाम्रो सभ्यतासँग गासिएको विषय हो ।

आज शौचालय नभएको घर हत्तपत्त भेटिँदैन । २०५० सालमा शौचालय भएका घर कताकता मात्रै थिए । यो समयमा सबै घरमा शौचालयको अभियान चल्यो, चल्दैछ । अब शौचालयको स्तरोन्नति गर्नुपर्ने अभियान चलाउनुपर्छ । हिजो थिएन, अब छ । अब भएकोलाई राम्रो बनाउने हो । यस्तै सुधार धेरै क्षेत्रमा गर्नुपर्छ । जस्तो पहिलेको भान्सा र अहिलेको भान्साको स्तर फरक पर्नुपर्छ । पहिले भान्सामा पाक्ने, पाइने खानेपिउने कुरा अब सुध्रिनु पर्‍यो । पहिला खान नपुग्ने अवस्थामा खान पुगे हुन्थ्यो भन्ने चिन्ता हुन्थ्यो । आज खान पुग्ने अवस्था भयो भने अब कस्तो खाने, कति खाने, कसरी खाने, किन खाने जस्ता विषयमा ध्यान दिन सके स्वास्थ राम्रो हुन्छ ।

खाने, पिउने, सरसफाई र स्वस्थको कुरा घरको विषय मात्रै होइन । आजको व्यस्त मानिस घर बाहिर धेरै समय बिताउन बाध्य छ । यस्तोमा कस्तो खाने, कस्तो पिउने, सामान प्रयोगमा आउने फोहरको व्यवस्थापन कसरी गर्ने यसमा ध्यान दिएर सभ्य नागरिकको पहिचान बनाउन सकिन्छ । जस्तै खाजा, खानाका लागि सफा स्थान( खाजा घर वा होटल) रोज्ने । प्याकेटका खाने कुरा खानै पर्ने भए भरसक स्वस्थकर खाना-खाजा खाने, प्याकेटको व्यवस्थापन उचित तरिकाले गर्ने बानी बसाल्नु पर्छ । मैले मात्रै गरेर के गर्ने भन्ने भावना एकदमै असभ्य भावना हो । तपाईले प्रयोग गर्ने समान, घर, शौचालय, बाटो, चोक, शहर सफा भएको होस् भन्ने चाहना राख्ने मानिस सभ्य मानिस हुन् । सभ्य मानिस हुन चाहनाले मात्रै पुग्दैन व्यवहार र बानी पनि सभ्य चाहिन्छ । पहिला यस्तो बानी आफैमा अभ्यास गर्नुपर्छ । त्यसपछि अरुलाई पनि भन्नुपर्छ । सम्झाउनु पर्छ । सम्झाउँदा अरुले नटेर्ने, गाली गर्ने, टेडो आँखाले हेर्ने, तलाई के चासो भन्ने सम्भावना समेत हुन्छ । तर पनि कसै न कसैले राम्रो कामको शुरुवात गर्नै पर्छ । पहिला-पहिला सार्वजनिक सवारीसाधन जिप, बसभित्र निर्धक्क धुमपान गर्ने धेरै भेटिन्थे । कसैले केही भन्ने आँट गर्दैन थिए । पछि बसमा धुमपान गर्न पाइँदैन भनेर लेख्न थालियो । धुमपान गर्नेलाई अरुले सम्झाउन थाले । अहिले कसैले बसमा धुमपान गर्दैनन् । बसका भित्तामा यस्तो सन्देश लेख्नै पर्दैन ।



सार्वजनिक स्थानमा फोहर आफूले पनि नफाल्ने र अरुले फालेमा किन फालेको, नफाल्नु भनेर बोल्न थाल्नु पर्छ । तर, बोल्नलाई पहिला आफूमा फोहर नफाल्ने बानी हुनुपर्छ । अरुको घरमा जाँदा तपाईको शौचालय त फोहर रहेछ भन्नलाई आफ्नो घरको शौचालय सफा हुनुपर्छ । घरमा भएका बालबालिकालाई गाली गर्नुहुँदैन, कुट्नु हुँदैन, राम्ररी बोल्नुपर्छ । उनीहरुको पनि सम्मान गर्नुपर्छ । हेपेर बोल्दा उनीहरुलाई पनि राम्रो लाग्दैन । अझ उनीहरुका साथिका अगाडि त झन् गाली गर्नु हुँदैन । काम बिगारे छन् भने सम्झाउनुपर्छ । नजानेर पनि गल्ति भएको हुन सक्छ । कुनै खाने-पिउने पसलमा गएर खानाको अर्डर लिन आउने मानिससँग तपाई कसरी बोल्नु हुन्छ । त्यहाँ भएका मानिससँग कस्तो व्यवहार गर्नुहुन्छ । त्यसले तपाई हाम्रो परिचय दिइरहेको हुन्छ । हामी सभ्य हुँदै गएका छौं भने शिष्ट, नम्र र स्पष्ट भाषामा मर्यादा पुर्वक कुरा गर्छौं । तर, सभ्य देखिन, आफूलाई विशेष भएको देखाउन खोज्ने असभ्य चरणमा छौं भने अलि ठूलो स्वरले, अझ हप्काउने स्वरमा बोल्छौं । झन् साना उमेरका र साधारण लाग्ने देख्यौं भने झन् उचो स्वरमा बोल्ने, हेपेर बोल्दा आफ्नो सान बढेको ठान्ने गर्छौं । यो सबै हामी सभ्य हुन बाँकी छ भन्ने परिचय हो ।

लाइनमा बसेर अर्थात् पालो पर्खेर सेवा लिनु आफूलाई अपमान भएको ठान्ने ठालु समूहका व्यक्तिहरु पालो मिचेर सेवा लिँदा गौरवको महशुस गर्छन् । यस्तोमा सभ्य मानिसलाई सकस हुन्छ । यस्ता अनेकन विषय वस्तुले हाम्रो स्तर निर्धारण गरिरहेको हुन्छ । हाम्रो परिचय बनाई रहेको हुन्छ । हामी आफ्नो परिचय आफ्नै कर्मले, आफूले विकास गरेको आनिबानीले फेर्न सक्छौं । हाम्रो गरिबी र पछौटेपनको सम्पूर्ण जिम्मेवार न भाग्य हो न सरकार र नेता नै । हो, यसमा केही भाग नेता र सरकारको अवश्य छ । तर, हामीले भन्ने गरेको जस्तो सबै दुःखको कारण नेता र सरकार मात्रै होइनन् । हामीले गर्नुपर्ने र गर्न सक्ने काम आफैले गर्न अघि सर्नु पर्छ । तब मात्रै अरुतिर फर्केर भन्ने हैसियत राख्न सक्छौं ।

सधैजसो सरकार र नेताको बिरोध गर्ने एक जना मित्रलाई कृषि गुरुका रुपमा परिचित रामाशिष शाहले आफ्ना चेलालाई प्रश्न गर्नुभएछ 'रामा तिम्रो भैंसी दुब्लो भयो, त्यो वडाध्यक्षले नगरेर हो ? तिम्रो बारी बाँझै छ त्यो कसले नगरेर हो ? तिम्रो घरको शौचालय हेर त कति फोहर छ त्यो कुन नेताले नगरेको ? तिमी घरको काममा सघाउँदैनौं उल्टै घरमा आएर काम नगरेको भनेर श्रीमतीसँग रिसाउँछौं त्यो कसको कमजोरी हो ? तिमीले लगाएको कपडा मैला छ, छोराछोरीले राम्ररी काम गर्दैनन्, गर्न जानेका छैनन्, पढदैनन्, सफा छैनन् त्यो कसको कमजोरी हो ? कसले नगरि दिएको ? तिमीले खेती त गर्‍यौ तर समयमा राम्रो स्याहार गरेनौ, बारीमा हेर त झारले ढाकेको छ तरकारीका बोट खोज्नुपर्ने जस्तो छ । यो कसको कमजोरी ?

उनको आसय थियो हामी आफूले गर्नुपर्ने काम ठीक-ठीकसँग गर्दैनौं, गर्नुपर्ने जति गर्दैनौं, गर्नुपर्ने जसरी गर्दैनौं । जब नतिजा गलत आउँछ, हामीमा अभाव र दुःख हुन्छ तब सरकारलाई, नेतालाई दोष दिन्छौं । आफूले गर्नुपर्ने काम मात्रै सही तरिकाले सही समयमा गर्ने हो भने हाम्रो अवस्थामा सुधार आउँछ । सबै अरुले गरिदिने त होइन नि । सबैले आ-आफ्नो काम ठीक-ठीकसँग गर्ने हो भने मात्रै देश विकास हुन्छ । नेताले मात्रै गरेर पनि हुँदैन, जनताले मात्रै गरेर पनि हुदैन । नेताको काम नेताले गर्नुपर्छ । जनताको काम जनताले गर्नुपर्छ । जसले आफ्नो काम ठीकसँग गरेको हुन्छ उसले मात्रै अरुलाई तिम्रो काम राम्ररी गर भन्न सक्छ । हामी आफूले गर्नुपर्ने काम नगर्ने, ठीकसँग नगर्ने अनि सबै अरुले गरिदियोस् भनेर भन्ने कुराले मात्रै हुन्छ र ? कृषि गुरु रामाशिष भन्नुहुन्छ- हजुर यहाँ त नेता र जनता दुबै खराब छन् । दुबैले सुध्रनु पर्छ । अनिमात्र देश विकास हुन्छ । जनता सुखी हुन्छन् ।

# बाल्यावस्थाका मनोसामाजिक समस्या

डा. सुमनप्रसाद अधिकारी

बाल्यावस्थाका मनोसामाजिक समस्याहरू बुझ्नको निम्ति जन्म र विकासक्रम अनि बाल मस्तिष्कमा हुने जैविक, रासायनिक र मनोवैज्ञानिक परिवर्तनलाई बुझ्नु आवश्यक हुन्छ । बच्चाले आमाको गर्भमा बिताउने ९ महिना एकदमै महत्वपूर्ण समय हो । यही समयको ३-५ हप्तामा स्नायु प्रणालीको विकासक्रम शुरु हुन्छ । करिब १० हप्तामा मस्तिष्कको अगाडिको भाग (कर्टेक्स) विकास हुन्छ र जन्मँदा दिमागको तौल लगभग ३५० ग्राम हुन्छ ।

शुरुवाती अवस्थाको मस्तिष्कका न्युरोनहरुलाई इन्फेक्सन, अक्सिजनको कमी, मेटाबोलिक समस्या आदिले असर गर्छन् । बच्चामा चल्ने, सुन्ने र देख्ने शक्ति गर्भावस्थाबाटै विकसित हुँदै गएर त्यही शक्तिले जन्मपश्चात् जीवन जिउन सिकाउँछ । बाहिरी संसारसँग अभ्यस्त हुने क्रममा बच्चामा विभिन्न क्षमताको विकास हुँदै जान्छ । विस्तारै बस्ने, उठ्ने, हिँड्ने, दगुर्ने जस्ता क्षमता विकसित हुन्छन् । यसै क्रममा बच्चाले बोल्न पनि सिक्छ । मनोवैज्ञानिक विकास क्रमको पहिलो खुड्किलो भनेको आवाजहरु सुन्ने र त्यसलाई ध्यान दिने हो । विस्तारै संकेतहरु प्रयोग गर्ने, खेल्ने र हाँस्ने प्रक्रिया शुरु हुन्छ ।

बच्चामा तार्किक सोचाइ लगभग ६-११ वर्षको उमेरमा शुरु हुन्छ भने सारभूत सोचाइ ११-१९ वर्ष उमेरमा हुन्छ । भावनात्मक विकासको कुरा गर्नुपर्दा सामाजिक मुस्कान २ महिनासम्ममा देखापर्छ । २ वर्षको उमेरमा प्रायः अरुको भावना बुझेर सोहीअनुसार भाव व्यक्त गर्ने कला विकास हुन्छ । बच्चाले आफ्नो हेरचाह गर्ने व्यक्ति (प्रायः आमा) सँग बनाउने सम्बन्धलाई अट्याचमेन्ट भनिन्छ ।

यस्तो सम्बन्ध सरल र सही ढंगले अघि नबढ्दा पछि गएर विभिन्न मनोसामाजिक रोगहरु लाग्ने सम्भावना रहन्छ । लगभग ८ महिनाको समयमा बच्चालाई अन्जान व्यक्तिसँग डर लाग्ने हुन्छ, जसलाई 'स्टेन्जर एङ्जाइटी' भनिन्छ । १०-१८ महिनाको बीचमा आफ्नो हेरचाह गर्ने व्यक्तिबाट टाढिनुपर्दा बच्चालाई डर लाग्ने, आत्तिने, रुने आदि हुन्छ। यसलाई 'सेपेरेसन एङ्जाइटी' भनिन्छ ।



**बाल्यावस्थामा मनोसामाजिक समस्या निम्त्याउनसक्ने कारण**

- गर्भावस्थामा आमामा हुने तनावले गर्दा शरीरमा स्ट्रेस हर्मोन पैदा भई बच्चामा विभिन्न नकारात्मक असर गर्नसक्ने
- गर्भावस्थामा मादक पदार्थ र लागूऔषधको प्रयोग
- वंशाणुगत
- प्रसूतिका जटिलताहरु

**मनोसामाजिक समस्याहरु :**

**१. इन्टेलेक्चुअल डिस्याबिलिटी डिसअर्डर**
- १८ वर्षको उमेरअघि मस्तिष्कको विकासमा बाधा पुगी हुने समस्या
- सुस्त मनस्थिति
- बौद्धिक विकासमा कमी

**२. कम्युनिकेसन डिसअर्डर**
- बोल्ने क्षमतामा ह्रास, भक्भकाउने, एउटै कुरा दोहोर्‍याउने, धेरै जनाको अगाडि बोल्न नसक्ने ।

**३. अटिजम स्पेक्ट्रम डिसअर्डर**
- भाषा र सञ्चारमा समस्या
- अशाब्दिक सञ्चार कौशलमा कमजोरी, सामाजिक सम्बन्धको बुझाइमा समस्या, परिवर्तन नचाहने, एउटै कुरा दोहोर्‍याउने ।

**४. एडिएचडी**
- चकचकेपना सामान्यभन्दा बढी
- बोलाउँदा नसुन्ने, ध्यान नदिने
- अरुको पालो नदिने

**५. एसएलडी**
- शब्दहरु पहिचानमा कठिनाई, व्याकरणमा गल्ती, सुस्त र गलत लेखाइ-पढाइ, संख्याहरु पढ्न, बुझ्न र हिसाब गर्न कठिनाई ।

यी र यस्ता विभिन्न समस्याहरु बाल्यावस्थामा आउनसक्ने मनोसामाजिक समस्याहरु हुन् । यस्ता समस्याहरु उचित परामर्श र उपचारपछि धेरै हदसम्म कम भएर जान्छन् । कतिपय समस्या पूरै ठिक नभए तापनि सही मार्गदर्शन भएमा अधिकांश बालबालिका सफल र सुन्दर जीवन जिउन सफल हुन्छन् । यी बाहेक वयस्कमा जस्तैः डिप्रेसन, एङ्जाइटी, साइकोसिस जस्ता समस्या पनि उपचार पश्चात पूरै ठिक हुन्छन् ।

*(अधिकारी स्नायु तथा मनोरोग विशेषज्ञ हुन् ।)*

# ३७ पूर्व शिक्षक सम्मानित



**सुरुङ्गा, असोज २७।** नमूना विद्यालयको रुपमा प्रस्तावित झापाको कनकाई माविका विद्यार्थीहरुको साझा संगठन कनकाई भूतपूर्व विद्यार्थी समाजले ३७ जना पूर्व प्रधानाध्यापक तथा शिक्षकलाई सम्मान गरेको छ ।

यसरी सम्मानित हुनेमा विद्यालयका पूर्व प्रधानाध्यापकहरु लीलाप्रसाद सापकोटा, तेजनारायण चौधरी, चन्द्रप्रसाद मैनाली, कोमलप्रसाद पोखरेल, इश्वरीप्रसाद शिवाकोटी, आशा शर्मा शिवाकोटी, निर्मलकुमार खतिवडा लगायत शिक्षकहरु रहेका छन् ।

विद्यालयको पहिलो एसएलसी ब्याच २०३६ सालका विद्यार्थी हाल कनकाई भूतपूर्व विद्यार्थी समाजका उपाध्यक्ष दिनेशकुमार उप्रेतीको अध्यक्षता तथा कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलको प्रमुख आतिथ्य रहेको कार्यक्रममा सेवा निवृत्त प्रधानाध्यापक तथा शिक्षकलाई मायाको चिनोसहित, खादा र आभारपत्रसहित सम्मान गरिएको थियो ।

सोही कार्यक्रममा महाकाव्यकार मित्रप्रसाद दाहाल रचित 'आमा' महाकाव्यको विमोचन गरिएको थियो । स्रष्टा दाहालको आठौं कृति तथा चौथो महाकाव्यको रुपमा रहेको एक सय ५० पृष्ठको उक्त महाकाव्यको कनकाई माविका शिक्षक भीमप्रसाद दाहालले समिक्षा गरेका थिए । कृतिका लेखकको संघर्षको कथा समेटिएको महाकाव्यमा १७ सर्ग र आठ सय ५२ श्लोकहरु रहेको बताइएको छ ।

भूतपूर्व विद्यार्थी समाजका महासचिव महेन्द्र विश्वकर्माले स्वागतसहित औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा सम्मानित व्यक्तित्व कोमलप्रसाद पोखरेल र आशा शर्मा शिवाकोटी, विद्यालयका प्रधानाध्यापक कर्णबहादुर डाँगी, भूतपूर्व विद्यार्थी समाजका अध्यक्ष अखिलकुमार कोइराला लगायतले मन्तव्य राखेका थिए ।

आफू अध्ययन गरेको विद्यालय नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा नमूना विद्यालयको रुपमा छनौटमा परेको खुसियालीमा सांगीतिक कार्यक्रम समेत सम्पन्न भएको थियो ।

पूर्व विद्यार्थी वीच संगठनलाई विस्तार गर्न, पूर्व विद्यार्थी र विद्यालयबीच प्रगाढ सम्बन्ध स्थापित गर्न र पूर्व विद्यार्थीको तर्फबाट संस्थागत रुपमा आर्थिक, प्राविधिक लगायतका सहयोग गर्ने वातावरण निर्माण गर्दै सो सन्देश सम्प्रेषण गर्न र समाजको मूल नारा 'मित्रता, एकता र सहयोग' को अभिप्राय अनुरुप आफू पढेको विद्यालयलाई सहयोग गर्न ठूलो धनराशिको अक्षयकोष निर्माण गर्ने उद्देश्यका लागि सन्देश प्रवाह गर्न कार्यक्रम आयोजना गरिएको समाजका अध्यक्ष कोइरालाले बताए ।

नेपालकै उत्कृष्ट वाद्यवादकसहित राष्ट्रिय कलाकारहरुको प्रस्तुति रहेको कार्यक्रममा गीत-संगीतको क्षेत्रमा राष्ट्रिय छबि बनाएका कनकाई माविका पूर्व विद्यार्थीहरु सुमित पाठक, सरोज कोइराला लगायतले गीत प्रस्तुत गरेका थिए भने कलाकारहरु सन्ध्या ठटाल, कृष्ण तिवारीको समेत प्रस्तुति रहेको थियो ।

कार्यक्रममा पूर्व विद्यार्थी, पूर्व शिक्षक, विद्यालयका शिक्षक, विद्यार्थी, कर्मचारी, अभिभावक तथा गीत-संगीत प्रेमीको सहभागिता रहेको थियो । सो अवसरमा विद्यालयमा अध्ययनरत् विद्यार्थीहरुले नृत्यहरु प्रस्तुत गरेका थिए ।

कार्यक्रम सफल बनाउन अध्यक्ष कोइरालाको अध्यक्षतामा कार्यसमितिका सम्पूर्ण सदस्य, सल्लाहकार, आजीवन सदस्य, कनकाई माविमा कार्यरत् शिक्षक तथा कर्मचारी पदेन सदस्य रहेको मूल आयोजक समिति गठन गरिएको थियो । त्यस्तै आर्थिक व्यवस्थापनमा दिनेशकुमार उप्रेती, संगीत व्यवस्थापनमा ध्रुबप्रसाद पाठक, नृत्य व्यवस्थापनमा अमन गुप्ता र दिलिपकुमार खतिवडालाई जिम्मेवारी दिइएको थियो ।

त्यसैगरी, काठमाडौंका पूर्व विद्यार्थीहरुलाई संयोजनको जिम्मा समाजका महासचिव महेन्द्र विकलाई दिइएको थियो । स्वयम्सेवक व्यवस्थापनमा स्काउट शिक्षक राधादेवी केसी, जुनियर रेडक्रस सर्कलका शिक्षक नायक चन्द्रप्रसाद पोखरेल, सगरमाथा टिन्स क्लबका शिक्षक संयोजक खेमराज भट्टराई र कनकाई बाल क्लबका शिक्षक संयोजक अम्बिकाप्रसाद रिजाललाई जिम्मेवारी दिइएको थियो ।

कार्यक्रमको सञ्चालन समाजका सदस्य एवम् शिक्षक तीर्थराज खरेल र विद्यालयका पूर्व विद्यार्थी एवम् कलाकार राजेश घतानीले गरेका थिए ।

## नेकपा कनकाईको शुभकामना आदान-प्रदान

**सुरुङ्गा, असोज २७।** नेपाल कम्युनिष्ट पार्टी कनकाई नगर कमिटीले आयोजना गरेको शुभकामना आदान-प्रदान कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल कम्युनिष्ट पार्टी झापाका इन्चार्ज एवम् पार्टीका केन्द्रीय सदस्य रवीन कोइरालाले 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय अभियानलाई सफल बनाउन सबै नेता तथा कार्यकर्ता लागी पर्नुपर्ने बताए ।

नेपाल कम्युनिष्ट पार्टी कनकाई नगर कमिटीका अध्यक्ष रवीन्द्र लम्सालको अध्यक्षतामा भएको कार्यक्रममा झापा क्षेत्र नं. ४ का प्रतिनिधिसभा सदस्य एल.पी. साँवा लिम्बू, प्रदेश सभा सदस्यद्वय हीराकुमार थापा र झलकसिंह दर्लामी (सन्देश), नेकपा १ नं. प्रदेश कमिटीका स्कुल विभाग सदस्य रामचन्द्र थपलिया, नेकपा झापाका सचिव मणिकुमार साम्पाङ (विजय), जिल्ला कमिटी सदस्य एवम् कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेल, कनकाई वडा नं. २ का वडाध्यक्ष परशुराम गिरी, राप्रपाका नारायणप्रसाद पोखरेल, रोटरी क्लब अफ सुरुङ्गाका अध्यक्ष कुमारमणि पोखरेल, सञ्चारकर्मी एवम् गायक सरोज कोइराला लगायतले मन्तव्य राखेका थिए ।

प्रचार विभाग प्रमुख कृष्णकुमार खतिवडाले स्वागत गरेको कार्यक्रमको सञ्चालन नेकपा कनकाई नगर कमिटीका सचिव विष्णुप्रसाद विमलीले गरेका थिए ।

# गौरीगञ्जमा आपतकालीन कार्यसञ्चालन केन्द्र



**बिर्तामोड, असोज २७।** झापाको गौरीगञ्ज गाउँपालिकामा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना भएको छ ।

नेपाल सरकारको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ बमोजिम सबै स्थानीय तहहरुमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र स्थापना गर्नुपर्ने भएकोले गौरीगञ्जमा उक्त केन्द्रको स्थापना गरिएको हो ।

केन्द्र सञ्चालनका लागि नेपाल रेडक्रस सोसाइटी झापा र विश्व खाद्य कार्यक्रमको साझेदारीमा सञ्चालन भइरहेको 'पूर्वानुमानमा आधारित आपतकालीन बाढी पूर्व तयारी कार्यक्रम' बाट गौरीगञ्ज गाउँपालिकालाई एक/एक थान डेस्कटप कम्प्युटर, प्रिन्टर उपलब्ध गराइएको थियो । केन्द्रले विपद्को अवस्थामा सूचनाहरु संकलन तथा पठाउने बताइएको छ ।

स्थानीय आपतकालीन कार्य सञ्चालन केन्दको उद्घाटन प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरले गरेका थिए । त्यस्तै अन्तर्राष्ट्रिय विपद् न्यूनीकरण दिवसको सप्ताहव्यापी कार्यक्रमको उद्घाटन गौरीगञ्ज गाउँपालिकामा गरिएको छ ।

गौरीगञ्ज गाउँपालिकाका अध्यक्ष बाबुराजा श्रेष्ठको अध्यक्षता तथा प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगरको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा नेपाल रेडक्रस सोसाइटी झापा जिल्ला शाखाका सभापति लोकराज ढकालले अन्तर्राष्ट्रिय विपद् न्यूनीकरण दिवसको महत्व र 'पूर्वानुमानमा आधारित आपतकालीन बाढी पूर्व तयारी कार्यक्रम'को बारेमा जानकारी गराएका थिए ।

कार्यक्रममा नेपाल रेडक्रस सोसाईटी गौरीगञ्ज उपशाखाका संयोजक कैलाशकुमार मास्केले स्वागत गरेका थिए ।

## डुबेर एकको मृत्यु, पौडी खेल्दा युवक बेपत्ता

**भद्रपुर, असोज २७।** झापामा पैनीमा डुबेर एक वृद्धको मृत्यु भएको छ, भने पौडी खेल्दा एक युवक बेपत्ता भएका छन् ।

प्रहरी कार्यालय झापाका अनुसार पैनीमा डुबेर बुद्धशान्ति-२ हात्तीकिल्ला सिरान गाउँस्थित सोमनाथ लुइँटेलको घरमा काम गरी बस्ने ७१ वर्षीय भक्ति लोहारको मृत्यु भएको छ ।

घर नजिकैको खेतमा सिँचाई गर्ने क्रममा पैनीमा डुबेर लोहारको मृत्यु भएको भएको प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए ।

त्यसैगरी कचनकवल-२ स्थित मेची खोलामा पौडी खेल्न क्रममा एक युवक बेपत्ता भएका छन् । सोही गाउँपालिका २ बस्ने १८ वर्षीय सौरव ढुङ्गाना बेपत्ता भएको प्रहरी नायव उपरीक्षक श्रेष्ठले बताए । प्रहरीका अनुसार साथीहरूसँग मेची नदीमा पौडी खेल्ने क्रममा उनलाई नदीले बगाएको हो ।

## मोटरसाइकलको ठक्करबाट मृत्यु

**पाँचथर, असोज २७।** गत असोज १७ गते मोटरसाइकलले ठक्कर दिएर गम्भीर घाइते भएका पाँचथर फिदिम-२ का एक व्यक्तिको मृत्यु भएको छ ।

मृत्यु हुनेमा फिदिम-२ का दलकर्ण राई रहेका छन् । उनको नोभेल अस्पताल विराटनगरमा उपचार हुन नसकेपछि थप उपचारका लागि काठमाडौं लैजाने क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी निरीक्षक अनिल पौड्यालले बताए ।

गत असोज १७ गते बा ५२ प ६२०६ नम्बरको मोटरसाइकलले ठक्कर दिँदा उनी गम्भीर घाइते भएका थिए । ठक्कर दिने मोटरसाइकल चालक फिदिम-४ का विराज राईलाई नियन्त्रणमा लिएर अनुसन्धान गरिरहेको प्रहरीले जनाएको छ ।


पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) हिन्दी र नेपाली सिनेमा
पहिलो शो ११:०० War
दोस्रो शो २:०० War
तेस्रो शो ७:१५ War
नाइट शो ५:०० रातो टीका निधारमा

(हल बी) नेपाली र हिन्दी सिनेमा
पहिलो शो ११:३० रातो टीका निधारमा
दोस्रो शो २:०० कबड्डी कबड्डी कबड्डी
तेस्रो शो ४:३० War
नाइट शो ७:३० War

बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

अब फिजियोथेरापी उपचार मात्र रू. २५० मा

वडा दशैंको शुभ उपलक्ष्य पारी सम्पूर्ण विरामी वर्गलाई विशेष छुटमा उपचार गराइँदैछ ।
उपचार हुने समस्याहरुः
- कम्मर दुख्ने, गर्दन दुख्ने, नशा च्यापिएको
- घुडा दुख्ने, घड्डी खिइएको, कुम जाम भएको
- शरीर झमझमाउने, लाटो हुने, मुख बाङ्गिएको आदि
यो अफर असोज महिना भर
बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) बिर्तामोड-४, झापा अदुवा खोला पश्चिम दक्षिण हाइवेसँगै
(फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८)
नोटः प्यारालायसिसका विरामी तथा एडभान्स फिजियोथेरापी गराउनु परेमा थप शुल्क लाग्नेछ । शर्तहरु लागू हुने छन् ।

राजगढमा चलिरहेछन् यी चलचित्रहरू

नयाँ रिलिज चलचित्रहरू
१०:०० बजे War (हिन्दी चलचित्र)
१२:०० बजे War (हिन्दी चलचित्र)
२:३० बजे War (हिन्दी चलचित्र)
६:०० बजे War (हिन्दी चलचित्र)
८:३० बजे War (हिन्दी चलचित्र)
एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।
दानावारी, महमाई, लारुम्बा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

वर्गीकृत विज्ञापन

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

गिटी बालुवा चाहिएमा
झापामै पहिलोपटक अत्याधुनिक मेशिन र प्रविधिबाट प्रशोधन गरिएको निर्माण सामग्रीहरु बालुवा, गिटी, सिल्कन, वेश आदि चाहिएमा तु-सम्पर्क गर्नुहोला ।
फोनः ९८४२६५४४००/९८०४९५४४००

कर्मचारी आवश्यकता
कुक : ४ जना
रुम ब्वाई : ३ जना
वेटर : ५ जना
क्लिनर : ४ जना (महिला/पुरुष)
घरमा काम गर्ने : ५ जना (महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

Teachers wanted in Sindhuli
School located in headquarter
Secondary Social Teacher - Rs 30000+(Extra incentive on coaching)
L. secondary Computer Teacher- 15000+ (Extra incentive on typing questions & official documents)
Contact: Principal
9854042731; 9817858342

आवश्यकता
यस संस्थालाई एम्बुलेन्स सञ्चालन सहयोगी आवश्यक भएको हुँदा इच्छुक महानुभावले सम्पर्क राख्नुहोला । साथै चालक समेत आवश्यकता छ ।
टंकनाथ सेवा समाज
बिर्तामोड-४, झापा (०२३-५४२९२१)

पत्रिका समयमा पाउनु भएको छैन ?
मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

कोरियन भाषा 한국어
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाँढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि विशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

कन्काई हस्पिटल प्रा. लि. बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा
डा.सन्तोष कु. मिश्र - वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन, पिसाब विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
डा.रोशन अटल - वरिष्ठ हाडजोर्नी,नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु - वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य - वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर - नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली - वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल - MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS) - वरिष्ठ लिभर (कलेजो, पेट, प्यान्क्रियाज, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ (वीर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ ।)
डा. मुक्ति आचार्य - MBBS, MD (TU) वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य - वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिबार
डा.सि.वि झा - वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी ।
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं ।
२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसी सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा
जानकारी तथा नाम दर्ताको लागि
०२३-५४३८०७,५४३८१८,५४००७८
९८११३३५६२४




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** धैरैलाई आकर्षण गर्ने समय छ । बोलीको भरमा चिताएको काम सम्पादन हुन सक्छ । प्रशंसकहरू बढ्ने छन् ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । मध्याह्नदेखि समस्याप्रति गम्भीर नबन्दा दुःख पाइनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** स्रोत-साधन जुट्नाले गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ । प्रतिस्पर्धीहरूले अलि सताउने छन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्ने छन् । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ । मिहिनेतले नाम, दाम र इनाम दिलाउनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** पारिवारिक जमघटका बीच स्वादिष्ट खानपानको अवसर प्राप्त हुनेछ । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** आकर्षक उपहारले उत्साह जगाउनेछ । सोखले स्रोत-साधन जुटाए पनि खर्चको मात्रा अलि बढ्न सक्छ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** यवसायमा लगानी बढाउने समय छ । परिस्थितिले आकस्मिक खर्च गराए पनि सरसापट वा कर्जा लिएर धन जुटाउन सकिनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** प्रयत्न गर्दा यात्रा गर्ने अवसर प्राप्त हुनेछ । टाढाका साथीभाइसँग सम्पर्क बढ्नेछ । मध्याह्नदेखि मेहनतले आत्मविश्वास बढाउनेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्ने छन् । पारिवारिक जमघटले मन आनन्दित हुनेछ । यात्राको योग छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आम्दानीका नयाँ स्रोत फेला पर्ने छन् । पहिले गरेका कामबाट लाभ हुनेछ । आयस्रोत सबल देखिए पनि उठ्नुपर्ने रकम तत्कालै हातलागी भने नहुन सक्छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** दिउँसोदेखि लगानीको अवसर प्राप्त हुनेछ भने पछिका लागि सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ । कर्जाको धन भने मनग्गे प्राप्त हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** नियमित काम सम्पादन हुने छन् र यात्राको अवसर पनि प्राप्त हुन सक्छ । आफन्तको सहयोगले कार्य सम्पादन होला ।

## ग्यास सिलिण्डर पड्किँदा १०को मृत्यु

**झापा, असोज २७।** भारतको उत्तर प्रदेशको मऊ जिल्लास्थित एउटा घरमा खाना पकाउने ग्यासको सिलिण्डर बिस्फोटन हुँदा कम्तीमा १० जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

सोमवार बिस्फोटनका कारण उक्त दुईतले घर भत्किएको छ भने उद्धार कार्य जारी रहेको छ । घरको भग्नावशेषमा अरू मानिस पुरिएको हुन सक्ने अधिकारीहरूले बताएका छन् ।

ठूलो बिस्फोटनको आवाज सुनिएको र त्यसपछि उक्त घरमा आगो लागेको आफूले देखेको छिमेकीहरूले स्थानीय सञ्चारमाध्यमलाई बताएका छन् । उत्तर प्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथले घटनाको अनुसन्धान गर्न निर्देशन दिएका छन् ।

एक वरिष्ठ अधिकारी अवनीश अवस्थीले समाचारसंस्था पीटीआईलाई बताए अनुसार मुख्यमन्त्रीले उक्त घटनामा परेका व्यक्तिका परिवारजनसँग समवेदना प्रकट गर्दै घाइतेहरूलाई सम्भव भएसम्म सबै राहत र चिकित्सकीय सहायता तत्काल उपलब्ध गराउन निर्देशन दिएका छन् ।

## 'कलमको युद्ध' को चर्चा

**बिर्तामोड, असोज २७।** झापाली गजलकार धनपति ढुंगेलको गजल संग्रह कलमको युद्धको चर्चा तथा गुरु सम्मान कार्यक्रम लक्ष्मीपुरमा सम्पन्न भएको छ ।

हिमाली मावि कनकाई-८ लक्ष्मीपुरको आयोजनामा भएको कार्यक्रममा साहित्यकार शिव प्रणतले कलमको युद्ध भित्रका गजलहरुको बारेमा चर्चा गर्दै गजलहरुले देशको तरल अवस्था र विसंगतिप्रति प्रहार गरेको बताए ।

हिमाली माविका प्रधानाध्यापक केशवप्रसाद ओझाको अध्यक्षता तथा साहित्यकार कोमलप्रसाद पोखरेलको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा केदार चुडालले स्वागत गरेका थिए ।




सोही कार्यक्रममा हिमाली माविका अवकाशप्राप्त शिक्षकहरु लोकप्रसाद चुडाल र गोपालकृष्ण थापालाई सम्मान गरिएको थियो । हिमाली माविमा शिक्षकहरु चुडाल र थापाले आफूलाई कखरा सिकाएको भन्दै उनीहरुलाई सम्मान गरिएको गजलकार ढुंगेलले बताए ।

कार्यक्रममा साहित्यकारहरु लिला अनमोल, लोकेन्द्र बञ्जरा, भिजन गुरागाँई, प्रदीप काफ्ले, शिक्षक रिता निरौलाले रचना वाचन गरेका थिए भने कञ्चनजंघा एफएमका कार्यक्रम प्रस्तोता पिनाकी कोइरालाले हाँस्यव्यंग्य प्रस्तुत गरेका थिए ।


गजल संग्रहका लेखक ढुंगेलले गजल र कविता वाचन गरेको कार्यक्रमको सञ्चालन लेखनाथ गुरागाँई र बिनोद निशानीले गरेका थिए । कनकाई-८ सितलचोकमा जन्मिएका ढुंगेल हाल फिदिम-१ पाँचथरमा बसेर साहित्य सृजना गरिरहेका छन् ।

## हतियार र लागूऔषधसहित पक्राउ

**सुनसरी, असोज २७।** धरान-९ डेरा गरी बस्ने कोशी गाउँपालिका-३का २३ वर्षीय निरजकुमार राउतलाई बिभिन्न हातहतियार तथा लागूऔषधसहित प्रहरीले पक्राउ गरेको छ ।

उनको साथबाट पेस्तोल १ थान, म्यागिजन १ थान, गोली १३ राउण्ड, अवैध लागूऔषध खैरो हेरोइन ७ ग्राम, नियन्त्रित लागूऔषध डाइलेक्स डिसी १ सय एमएलको २ सय २५ बोतल, नाइट्रोसन १० लेखिएको ६ सय ४० ट्याब्लेट, स्पास्मो प्रोक्सिभोन प्लस १२ हजार ९ सय ४४ क्याप्सुल, लागूऔषध तौल गर्ने डिजिटल मेसिन १ थान, उमाशंकरप्रसाद गुप्ताको नामको भारतीय सवारी चालक अनुमतीपत्र १ थान, बिआर ५० के ४०५९ लेखिएको मोटरसाइकलको नम्बरप्लेट १ थान र मोबाइल २ थान प्रहरीले बरामद गरेको छ ।

इलाका प्रहरी कार्यालय धरानबाट गएको प्रहरीको टोलीले हातहतियार तथा लागूऔषधसहित उनलाई पक्राउ गरेको हो ।




# भारतीय रियालिटी शोमा गरिने नृत्य बिर्तामोडमा सिकाइने

**बिर्तामोड, असोज २७ ।** पछिल्लो समय चर्चित विदेशी रियालिटी शोहरुमा नेपालीले सहभागिता जनाउने क्रम बढेर गएको छ । कति त बिजेता समेत बनेका छन् भने धेरैको चर्चा समेत बढेको छ ।

भौगोलिक तथा अन्य सहजताका कारण अन्य देशको तुलनामा भारतीय रियालिटी शोहरुमा नेपालीको सहभागिता समेत बढेको छ । नेपालमा भनेजस्तो नृत्य सिक्ने नृत्य प्रशिक्षण नहुँदा भारतमै सिकेर भए पनि भारतीय रियालिटी शोहरुमा नेपालीहरुले सहभागिता जनाउने गरेका छन् ।

अब भने झापा लगायत नेपालका विभिन्न स्थानका सबै उमेर समूहकाले झापाको बिर्तामोडमा भारतीय रियालिटी शोहरुमा गरिने नृत्य सिकेर भारतीय रियालिटी शोहरुमा भाग लिन पाउने भएका छन् । झापाको बिर्तामोडमा सोमवारबाट अनवर्स डान्स स्टुडियो सञ्चालनमा आएसँगै उनीहरुले उक्त अवसर पाउने भएका हुन् । भारतिय रियालिटी शोहरुमा कोरियोग्राफी गरेका नृत्य प्रशिक्षक अनवर हुसेनले सञ्चालनमा ल्याएको अनवर्स डान्स स्टुडियोमा भारतीय रियालिटी शोहरुमा गरिने नृत्य सिकाइने र त्यसको अडिशन समेत गरिने भएको छ ।



त्यस्तै हिपअप, कल्चर, साल्सा, जुम्वा, स्ट्रिट डान्स स्टाइल लगायतका सवै प्रकारका नृत्य सिकाइने र हिपअप इन्टरनेसनल रियालिटी शोको अडिसन समेत गराइने बताइएको छ । बिर्तामोड भद्रपुर रोडमा रहेको अनवर्स डान्स स्टुडियोको उद्घाटन बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराई, उपाध्यक्ष राजु न्यौपाने, व्यवसायी लव घिमिरे लगायतले गरे ।

अनवर्स डान्स स्टुडियोका सञ्चालक अनवर हुसेनको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष भट्टराई, उपाध्यक्ष न्यौपाने, व्यवसायी घिमिरे, नेपाल रेडक्रस सोसाइटी बिर्तामोड सभापति सजेश शिवाकोटी, झापा जिल्ला नृत्य कलाकार संघका अध्यक्ष एलसी श्रेष्ठ, उपाध्यक्ष कृष्ण तामाङ, सचिव अमन गुप्ता लगायतले शुभकामना दिएका थिए । कार्यक्रमको सञ्चालन अनवर्स डान्स स्टुडियोका टिम मेम्वर रोशन गहतराजले गरेका थिए ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
बिर्तामोड, झापा
सम्पर्क राजकुमार श्रेष्ठ
९८४२६३४६७७/९८०६०१०४१०/ ०२३-५४४३४५ अफिस सम्पर्क: ०२३-५४६००५
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।
मोबाइल : ९८५२६४६००५

## सुँगुरको मासु खाएपछि...

**पाँचथर, असोज २७।** सुँगुरको मासु खाएर गम्भीर बिरामी भई उपचाररत् जिल्ला कारागार पाँचथरका एक कैदीको मृत्यु भएको छ ।

मृत्यु हुनेमा जिल्लाको फालेलुङ गाउँपालिका-७ सिदिनका सुन्दर राई रहेका छन् । उनको बीएण्डसी हस्पिटल बिर्तामोडमा उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाँचथरका प्रहरी नायब उपरीक्षक सिद्धराज न्यौपानेले जानकारी दिए ।

राईसँगै सुँगुरको मासु खाएर मृत्यु हुनेको संख्या तीन पुगेको छ । यसअघि गत असोज १९ गते दशैँको समयमा सुगरको पित्त र कलेजो पकाएर खाएका दुई जनाको मृत्यु भइसकेको छ । फालेलुङ गाउँपालिका-८, याङ्नामका २५ वर्षीय बुद्धि केरुङको गत असोज २० गते दिउँसो उपचारको क्रममा मृत्यु भएको र फिदिम नगरपालिका-१०, याङ्नामका ३४ वर्षका जयप्रकाश जवेगुको उपचारका लागि झापातर्फ लाँदै गर्दा बाटोमै २० गते राति मृत्यु भएको थियो । मासु खाएर बिरामी भएका चार जनामध्ये अहिले एक जनाको मेची अञ्चल अस्पतालमा उपचार भइरहेको छ । जिल्लाको कुम्मायक गाउँपालिका-३ का दिनेश खजुमको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

जिल्ला कारागार पाँचथरका सूचना अधिकारी बिमल ढुङ्गानाका अनुसार दशैँ मनाउन कारागारभित्र तीन वटा सुँगुर काटेको र त्यसको पित्त र कलेजो चार जनाले पकाएर खाएपछि उनीहरु बिरामी परेका हुन् । मासु मात्र खाने अरु बिरामी नपरेको उनले बताए ।

**कम्पनीको नाम परिवर्तन गरिएको सूचना**

कम्पनीको रजिस्टर कार्यालय च. नं. १४२४८ को पत्र अनुसार त्यस कम्पनीको मिति २०७६/०६/०९ को एकल शेयरधनीको विशेष बैठकको निर्णयानुसार साविक कम्पनी ( सिटौला आयात एण्ड सप्लायर्स प्रा.लि.) को नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोरा शर्तमा च्यस कम्पनीको नाम परिवर्तन गरी जंगल इन प्रा.लि. कायम गर्न मिति २०७६/०६/१२ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ ।

**भूमिसुधार कार्यालय भद्रपुर, झापाको**

**मोही हकदावी सम्बन्धी सूचना**

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| नारायण राजवंशी | भद्रपुर-३ | १६ | ००१८१ | जगत/ गजल सिंह राजवंशी |
| बसन्ता दाहाल | पथरिया-४ | २०७५ | १३५४.५१ | फागु मिया/ वासु राजवंशी |
| ,, | ,, | १०७६ | १७७.७६ | ,, |
| बसन्ता दाहाल | पथरिया-४ | ५१५ | १७९० | इजार अली/ इजारली मिया |
| ,, | ,, | ६७३ | २६५ | चेराकु मिया |
| नेत्रबहादुर दाहाल | पथरिया-४ | ६६८ | ००६५५ | वेरिया राजवंशी |
| नेत्रबहादुर दाहाल | पथरिया-४ | ८७४ | २६६५ | इजार अलि/ इजारली मिया |
| ,, | ,, | १७२९ | ९२५ | बासु राजवंशी |
| ,, | ,, | १८६४ | ०००५०.७९ | ,, |
| नेत्रबहादुर दाहाल क्षेत्री | पथरिया-४ | ५०६ | २९५० | बासु राजवंशी/इजारली मिया |
| ,, | ,, | १७२७ | १३५४.५२ | बासु राजवंशी/इजारली मिया |
| ,, | ,, | १७३१ | ०००७४ | बासु राजवंशी/इजारली मिया |

## बाँसको फड्केबाट खस्दा मृत्यु

**खोटाङ, असोज २७।** खोटाङमा खोला तर्नको लागि हालिएको बाँसको फड्केबाट खस्दा एक किशोरीको ज्यान गएको छ ।

बाँसको फड्केबाट खस्दा केपिलासगढी गाउँपालिका वडा नं.-१ फेदीकी १३ वर्षीया आयुष्मा राईको ज्यान गएको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी नायब उपरीक्षक (डीएसपी) बामदेव गौतमले बताए ।

खोला तर्नका लागि हालिएको फड्केबाट खसेकी बालिकाको शव झण्डै एक सय मिटर तल फेला परेको प्रहरीले जनाएको छ ।

**युएई Royal Cateringमा रोजगारको सुवर्ण अवसर**

कम्पनी : Royal Catering, Abu Dhabi Dubai


पूर्व स्वीकृति मितिः २०१९।१०।०४ लट नं. २२५१३८ च.नं. ६०१४४४५३

| पद | संख्या | तलव | काम | योग्यता | खान/बस्न | करार |
|---|---|---|---|---|---|---|
| FEMALE HOUSEKEEPING | 05 | 900+FOOD | 8HRS/ 26DAYS | काममा दक्ष | छ | २ वर्ष |
| WAITER | 45 | 1400+FOOD | | | | |
| WAITRESS | 37 | 1400+FODD | | | | |
| COMMIS ASSISTANT | 25 | 1000+FOOD | | | | |
| LAUNDARY ATTENDANT | 37 | 900+FOOD | | | | |
| KITCHEN CLEANER | 35 | 900+FOOD | | | | |
| RUNNER | 27 | 900+FOOD | | | | |

नोटः उमेर १९ वर्षदेखि ३८ वर्षसम्म हुनुपर्नेछ ।
अन्तरवार्तामा आउँदा सक्कल राहदानी, बायो डाटा तथा फोटो अनिवार्य लिएर आउनुहोला । साथै Waiter, Waitress, Commis Assistant & Laundary Attendant को हकमा अनुभवको प्रमाणपत्र अनिवार्य छ ।

फाइनल अन्तरवार्ता यही २०७६ असोज ३० गते (17 October) र कात्तिक २ गते (19 October) बिर्तामोडको टाइमलेस मुभमेन्ट होटलमा समय ८ बजेदेखि हुनेछ ।

Sky Star Recruitment Pvt. Ltd.
Ratopul-9 Kathamandu, Nepal ph. 01-4481000
श्र. इ. नं. १०७८/०७३/०७४
सम्पर्क नं. 9816978130, 9852633417, 9801079097



# चन्द्रगढी विमानस्थलमा प्रधानमन्त्रीको चासो

**दमक, असोज २७।** झापाको भद्रपुर नगरपालिकामा रहेको चन्द्रगढी बिमानस्थलको स्तरउन्नती र क्षेत्र विस्तारको बिषयमा प्रधानमन्त्री एवम् नेपाल कम्यूनिष्ट पार्टी (नेकपा)का अध्यक्ष केपी शर्मा ओलीको ध्यानाकर्षण गराइएको छ ।

चन्द्रगढी नागरिक उड्डयन कार्यालयका प्रमुख पूर्ण चुडालले नेपाली सेनाको ब्यारेक हटाउनका लागि आवश्यक प्रयास भइरहेको र अहिले 'रनवे' विस्तार लगायतको काम तीव्ररुपमा भइरहेको प्रधानमन्त्रीले जानकारी गराएका थिए ।

विमानस्थल नजिकै रहेको नेपाली सेनाको ब्यारेकको बिषयमा प्रधानमन्त्री ओली आफैले चासोपूर्वक सोधेको बिमानस्थल प्रमुख चुडालले बताए । 'नेपाली सेनासँग कुरा मिल्यो त ?' भनेर प्रधानमन्त्री ओलीले आफूलाई सोधेको र आफूले विमानस्थल विस्तार र स्तरोन्नतिको बिषयमा भइरहेको कामको बिषयमा जानकारी गराउँदै ब्यारेक हटाउनका लागि अझै प्रयास जारी रहेको बताएको उनले जानकारी दिए ।



'विमानको पार्किङस्थल फराकिलो बनाउने कामले अन्तिम रुप लिन लागेको छ' -चुडालले भने । आपत्कालीन अवस्थामा आवश्यक सवारीसाधन बारुणयन्त्र र एम्बुलेन्स, तेल भर्नका लागि आयल निगमको डिपो लगायतको व्यवस्थापन भइसकेको जनाउँदै आवश्यक पूर्वाधार निर्माण पनि तीव्ररुपमा अघि बढेको सो अवसरमा प्रधानमन्त्रीलाई जानकारी गराइएको चुडालले बताए ।

गत माघ १७ मा प्रधानमन्त्री ओली स्वयम्ले यस विमानस्थलमा रात्रिकालीन उडानको उद्घाटन गरेका थिए । वि.सं. २०२६ मा स्थापना भएको चन्द्रगढी विमानस्थल ५० वर्षमा मात्र रात्रिकालीन उडानका लागि आधुनिक प्रविधिले सुविधायुक्त भएको थियो । 'माउन्टेन फ्लाइट गराउन पहल भइरहेको बिषयमा समेत मैले प्रधानमन्त्रीलाई अवगत गराएको छु' -चुडालले भने ।

दशैंको अवसरमा प्रत्येक बर्ष झापामा आफ्नै आयोजनामा शुभकामना अदानप्रदान तथा चियापान कार्यक्रममा सहभागी हुन प्रधानमन्त्री ओली काठमाडौंबाट चन्द्रगढी विमानस्थल हुँदै गृह नगर दमक आएका थिए । यस विमानस्थलबाट काठमाडौं मात्र उडान हुँदै आएको र पोखरा उडानका लागि आवश्यक प्रक्रिया अन्तिम चरणमा पुर्‍याइएको चुडालले बताए ।

# मेची क्याम्पसमा पूर्व विद्यार्थी समाज



**बिर्तामोड, असोज २७।** झापाको मेची बहुमुखी क्याम्पस भद्रपुरमा अध्ययन गरेका पूर्व विद्याथीहरुको भेलाले पूर्वविद्यार्थी समाज मेची बहुमुखी क्याम्पस भद्रपुर गठन गरेको छ ।

मेची बहुमुखी क्याम्पस भद्रपुरको शैक्षिक उन्नयन र श्रीवृद्धिका लागि सहयोग पुर्‍याउँदै रचनात्मक क्रियाकलाप गर्ने उद्देश्यले मदनकुमार खरेलको अध्यक्षतामा पूर्वविद्यार्थी समाज मेची बहुमुखी क्याम्पस गठन गरिएको हो । नवगठित समितिको उपाध्यक्षमा केशव रेग्मी, सचिबमा तुलसीप्रसाद निरौला रहेका छन् ।

त्यस्तै सदस्यहरुमा महानन्द सिटौला मदन, पदमप्रसाद बाँस्कोटा, कृष्णवावु रिजाल, खेमराज उप्रेती, पुण्यप्रसाद उप्रेती, राजन पोखरेल रहेका छन् । समाजले मेची बहुमुखी क्याम्पस भद्रपुरमा अध्ययन गरेका सबै पूर्व विद्याथीहरुलाई सहभागिता गराएर मेची बहुमुखी क्याम्पसलाई रचनात्मक तथा सृजनात्मक सहयोग गर्दै क्याम्पसको भौतिक बिकास तथा बिद्यार्थीहरुको शैक्षिक स्तरन्नोतिसहित अक्षयकोष स्थापना गरिने बताइएको छ ।

त्यस्तै मेची बहुमुखी क्याम्पस भद्रपुरमा अध्ययन गरेका पूर्व बिद्यार्थीहरु सरकारी निकायमा कार्यरत राष्ट्रसेवक कर्मचारी, निजी क्षेत्र संघ(संस्था, व्यवसाय वा कम्पनी सञ्चालक र कार्यरत कर्मचारी, जनप्रतिनिधि, क्याम्पसको स्थापनादेखि हालसम्म अध्यापन गर्ने कार्यरत शिक्षक, कर्मचारीहरुको सम्पूर्ण बिवरण (तथ्याङ्क) हरुसहितको स्मारिका प्रकाशन गरिने बताइएको छ ।

# लामखुट्टेले टोक्दा किन चिलाउँछ ?



पछिल्लो समयमा लामखुट्टेको टोकाइका कारण देखिएका नयाँ नयाँ रोगका कारण लामखुट्टेको चर्चा बढी थालेको छ । लामखुट्टेले विभिन्न रोग फैलाउने त छँदैछ यसबाहेक यसको टोकाइपछि हुने चिलाई झनै दिक्कलाग्दो पक्ष हो । लामखुट्टेले टोक्दा शरीरको बाह्य छाला छेड्छ र परालको त्यान्द्रो जस्तो उसको मुख वा सुँडले रगत चुस्छ । यस पत्रियामा लामखुट्टेले आफ्नो थुक जस्तो पर्दाथ (स्लाभिया) टोकेको ठाँउमा फाली दिन्छ । लामखुट्टेको थुक वा ऱ्यालमा एकप्रकारको औषधि हुन्छ जसले टोकेको वरपरको रगत जम्नबाट रोक्छ र झिंगालाई नियन्त्रणमा लिन्छ ।

'तपाईको प्रतिरोधी प्रणालीले लामखुट्टेको थुकको प्रोटिनलाई नयाँ चीजको रूपमा पहिचान गर्छ र हिस्टामाइन नामक तत्व निस्काशन गर्छ' -युनिर्भसिटी अफ फलोरिडाका प्राध्यापक भेरोबीच भन्छन् । यही हिस्टामाइनको प्रतिक्रियाले शरिरमा चिलाउने उनी बताउँछन् । हिस्टामाइनले टोकेको ठाउको रगत नलीलाई ठूलो र टोकेको ठाँउमा सुनिएको देखाउँछ ।

सबै मानिसले लामखुट्टेको टोकाईप्रति प्रतिकृया जनाउँदैनन् । कतिपय वयस्यकले यसको खासै प्रतिकृया जनाउँदैनन् । आफूलाई टोकिएकोबारेमा समेत उनीहरूले थाहा पाउँदैनन् । 'कतिपय बयस्क आफ्नो घरवरपरको लामखुट्टेप्रति बानी परेका हुन्छन् । तसर्थ, लामखुट्टेले टोक्दा बालबालिकाले जस्तै प्रतिकृया जनाउदैनन्' -उनी भन्छन् । जिका फैलाउने एइडेस लामखुट्टेले दिउसभर अन्य खानेकुरा खाने र बिहान सबेरै तथा साँझमा टोक्ने उनी बताउँछन् । तर, उनीहरूको टोकाइबाट कुनै प्रतिक्रिया हुँदैन । जीका प्रभावित मुलुकहरूमा लामखुट्टेको टोकाइबाट बच्न गर्भवती महिलालाई लामो बाहुला भएका लुगा र पाइन्ट लगाउन प्रभावित देशका स्वास्थ्य अधिकारीहरूले आग्रह गरेका छन् ।

'एइडेस लामखुट्टेको टोकाईको चाल मानिसहरूले त्यति थाहा पाउँदैनन् । किनकि यसले पछाडिबाट आएर मानिसको जोर्नी र आँखीभौमा टोक्ने गर्छ' -अमेरिकाको रोक नियन्त्रण तथा रोकथाम केन्द्रका प्रवक्ता बेन्जामिन हेन्स बताउँछन् । यो लामखुट्टे दिउसभर सत्रीय भए पनि प्रभावित क्षेत्रमा यसले राती पनि आक्रमण गर्छ । यसले विशेषगरी घरभित्र बस्ने मानिसलाई टोक्न रूचाउने उनी भन्छन् । बृद्ध हुँदै गएपछि केही मानिस लामखुट्टेको टोकाईप्रति बढी सम्बेदनशिल हुने गरेको उनी बताउँछन् । लामखाुट्टेको टोकाईले केही बृद्धबृद्धामा खतरनाक एलर्जी उत्पन्न हुने गरेका छन् । पोथी लामखुट्टेले मात्र टोक्ने गर्छ। उसले अन्डा पार्नका लागि टोको ठाउँमा निस्कने रगतबाट पोषकतत्व लिन्छ ।

# क्यान्सरपीडित दाहालले गरे आर्थिक सहयोगको अपिल



**झापा, असोज २७।** बाँच्ने मन कसलाई हुँदैन ? उपचारका लागि पैसा नभएर परिवारको एक सदस्य अस्पतालको बेडमा छट्पटाएको हेर्ने रहर कसको हुन्छ ? तर, भद्रपुर निवासी निर्मल दाहालको परिवार यस्तै बाध्यतामा छ ।

आर्थिक अभावका कारण क्यान्सर रोगबाट एक वर्षदेखि घरमै थला परेका झापा जिल्ला भद्रपुर-९ जिल्ला प्रशासन कार्यलय उत्तरपट्टि बस्ने ४९ वर्षीय निर्मल दाहाललाई बचाइ दिन उनका परिवारजनले आग्रह गरेका छन् ।

पानी पुरी बेच्दै आइरहेका दाहाल एक बर्षअघि बिरामी परेर मेची अस्पताल भद्रपुर स्वास्थ्य परीक्षण गराउन गएका थिए । मेचीमा उपचार सफल नभएपछि थप उपचारका लागि वीपी मेमोरियल स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान लगेको र त्यहाँका चिकित्सकले श्रीमान्लाई बोनम्यारो क्यान्सर भएको उनकी श्रीमती मञ्जुले बताइन् । मञ्जुले भनिन्- 'श्रीमान्को फियोको अपरेसन पछाडि मात्रै बोनम्यारोको उपचार हुन्छ । फियोको अपरेसन असोज २८ गते विराटनगरको नोबेलमा गरिने र फियोको अपरेसनको एक महिनाको आरामपछि बोनम्यारोको काठमाडौंमा हुनेछ । तर, परिवारको आर्थिक जटिलताका कारण उपचार गर्न सकिँदैन भन्ने मलाई पिर छ ।'

यता बोनम्यारोबाट रगत उत्पादन हुन छाडेपछि अहिले हप्तामा चार पोका रगत लगाइरहेको बताउँदै त्यो रगत जुटाउन पनि गारो भइरहेको उनले बताइन् । बी पोजिटिभ रगत हप्तामा चार दिन लगातार फ्रेस चार पोका रगत लगाउनुपर्ने हुनाले रक्तदान गर्न इच्छुकलाई सम्पर्क गरिदिनु हुन उनले अनुरोध गरेकी छिन् ।

उनले अहिलेसम्म श्रीमान्को उपचारमा पाँच लाखभन्दा बढीको रकम खर्च भइसकेको बताइन् । मञ्जुले भनिन्- 'सम्पत्तिको नाममा पाँच धुर जमिन मात्र छ । अहिलेसम्म कमाएर जम्मामा गरिएको रकम, गरगहना श्रीमान्को उपचारमा खर्च भइसकेको छ । श्रीमानको बोनम्यारोको उपचार तत्काल गर्नुपर्ने चिकित्सकले भनेकाले उपचार गराउन रकम छैन । उपचार खर्च जुटाई श्रीमान्लाई बचाइन दिन सबै समक्ष अपिल गर्दछु ।'

उनले भनिन्- 'उपचारका लागि १० लाखभन्दा बढी खर्च हुन्छ । बोनम्यारो प्रत्यारोपण गराए श्रीमान्लाई बचाउन सकिन्छ ।' उपचार गराउँदा गराउँदै सात लाखभन्दा बढी रकम खर्च भइसकेको उनले बताइन् ।

गरिबीका कारण उपचार गराउन सम्भव नभएपछि आफूले मर्नुको विकल्प नभएको क्यान्सर पीडित दाहालले पीडा सुनाए । 'बोनम्यारो प्रत्यारोपणको तत्काल शल्यक्रिया गर्न नसके अबको तीनदेखि चार महिनाभित्र आफ्नो मृत्यु भइसक्ने चिकित्सकहरूले बताएका छन्' -उनले भने । उनले छरछिमेकले चन्दा संकलन गरेर हालसम्म उपचार गराइरहेको बताउँदै नियमित चेकजाँचका लागि अस्पताल गइरहेको जानकारी दिए । दाहालको परिवारमा श्रीमती मञ्जु, १५ वर्षकी छोरी र ११ वर्षका छोरा रहेका छन् । छरछिमेकबाट अहिलेसम्म ३० देखि ४० हजार रुपैयाँ चन्दा उठाएर दिएको र त्यो रकमले उपचार नहुने भएकाले सबै पक्षले सहयोग गरिदिनु हुन छिमेकी विशाल रिमालले बताए ।

यता सहयोगका लागि क्यान्सर पीडित दाहालकी श्रीमती मञ्जुको नाममा रहेको चन्द्रगढीस्थित सिद्धार्थ बैंकको खाता नम्बर ०२२१५२१४०९५ आर्थिक सहयोग रकम जम्मा गरिदिनु हुन रिमालले अनुरोध गरेका छन् । त्यस्तै मञ्जुको मोबाइल नम्बर ९८२४००५२८५, भतिज कृष्ण पौड्याल ९८०३५६१४३५ वा सञ्चारकर्मी आयुष निरौलालाई ९८१५०१२१५८ मा सम्पर्क गरी सहयोग गरिदिनु हुन पनि अनुरोध गरिएको छ ।

# यस्तो छ 'छ माया छपक्कै'



छक्का-पञ्जा सिरिजबाट व्यावसायिक कीर्तिमानी राखे पनि जोक्स मार्का कमेडीमा रुमल्लिएको चर्को आरोप खेप्नुपर्‍यो, दीपकराज गिरी र दीपाश्री निरौलाले । उनीहरुको ध्याउन्न कथामा स्वाभाविक हाँस्य पैदा गर्न होइन, हँसाउनकै खातिर कथा तोडमरोड गर्नतिर हुन्थ्यो । घुमाइफिराइ एकै शैलीका पात्र र प्रवृत्ति थोपरिन्थ्यो । नयाँ फिल्म छ माया छपक्कैमा चाहिँ यो धङधडीबाट बाहिर निस्कन खोजेका छन् । फिल्मको केन्द्रमा छ- खानेपानीबाट काकाकुल गाउँ, जहाँ प्रेम र राजनीति घुस्छ । दीपाश्री यस फिल्मकी सल्लाहकार निर्देशक हुन् भने दीपक मुख्य अभिनेता र पटकथाकार । निर्देशकचाहिँ दीपेन्द्र लामा । कमेडी त छ नै, विषयप्रति एक हदसम्म संवेदनशीलतापनि देखिन्छ । जीवन्त भने होइन । मूल सरोकारप्रतिको एकाग्रता छैन ।

कामरेड बीपी (दीपकराज)को घडेरी गाउँमा बाटो पुगेको छ, बिजुली पुगेको छ तर पानी पुगेको छैन । एक गाग्री पानी लिन घण्टौं उकालो-ओरालो गर्नुपर्छ । बीपीका बाबु (प्रकाश घिमिरे)को सपना छ, चुनाव जितेर गाउँमा पानी ल्याउने । तर, पञ्चायतकालबाटै राजनीतिमा लागे पनि टिकट पाउँदैनन् । पल्लो गाउँ टोड्केमा पानी प्रशस्त छ तर त्यहाँका स्थानीय नेताले पानी ल्याउनै दिँदैनन् । दुई गाउँका नेताबीच घमासान द्वन्द्व छ । उमेर ४२ पुगे पनि अविवाहित बीपीको टोड्के गाउँको नेताकी छोरी जल (केकी अधिकारी)सँग माया बस्छ । पानी र राजनीतिले उनीहरुको परिवारबीच लडाइँ छ । त्यसमा प्रेम सल्किएपछि आइपर्ने उतारचढावमा घुमेको छ, फिल्म ।

यो कथा कञ्चनपुरको साविकको गोदावरी गाविसको सत्य घटनामा आधारित रहेको फिल्म युनिटको दाबी छ, पात्र चाहिँ काल्पनिक । बीपी, उसका बुबा, साथीहरु गोली कान्छा (केदार घिमिरे) र प्रवीण (जितु नेपाल), जल, उनका बबा, मीतबुबा, दाजु अनि प्रवीणकी प्रेमिका पूजा (सुपुष्पा भट्ट), पात्रहरु बग्रेल्ती छन् । यी पात्रलाई स्थापित गराउँदा-गराउँदै मूल कथा प्रवेश ढिला हुन्छ । समस्या पनि पानीको मात्र छैन, बीपीको पार्टीभित्रको आन्तरिक टकराव छ, प्रवीणको प्रेमको चक्कर छ, त्यसमा जल र बीपीको सम्बन्ध थपिन्छ, बीपीलाई बिहे गर्न आमाले हैरान गर्छिन्, गोली कान्छाको बाबुलाई राजनीतिमा लागेर छोरो बिग्रियो भनेर चिन्ता छ । यी यावत् पक्षलाई बुन्दा-बुन्दा फिल्मको केन्द्रीय द्वन्द्व मानिएको पानीको खडेरी ओझेलमा पर्छ । कहिले प्रेमले थिच्छ, कहिलेचुनावी राजनीतिले । यद्यपि पात्र र घटनाक्रम रैथाने स्वादकै छन् ।

मुलुक संघीयतामा गएपछि प्राकृतिक स्रोतको बाँडफाँटले गाउँहरु विभक्त छन्, त्यसमै टेकेर नेताहरु जनता लडाउन र भोट कमाउन मरिहत्ते गर्दैछन् । यही बेथितिको झल्को पाइन्छ, छ माया छपक्कैमा । वर्षौं पार्टीका लागि रगत-पसिना बगाउने आदर्श नेता चुनावमा किनारा लाग्छन्, पैसावाला र नेताको चाकरी गर्ने चाहिँ चुनावमा चम्कन्छन् । यो विडम्बनालाई कठोर व्यंग्य गरेको छ, दीपक क्षत्रीको चरित्रले । आन्दोलनमा लागेको गोली बोकेर अभावको जिन्दगी बाँचिरहेका गोली कान्छाजस्ता चरित्र हामीकहाँ छ्यास्छ्यास्ती भेटिन्छन् । यसरी फिल्म विविध कोणबाट समाजसँग नजिक देखिन्छ ।

दीपकले बिनाप्रसँगका संवादबाट हँसाउने हर्कतलाई धेरै हदसम्म त्यागेको देखिन्छ । छन्द मिलेका हाँस्यपरक संवादलाई महत्व दिइएकै छ । तर, त्यसले पात्र र सन्दर्भको मुड भने उतिविघ्न बिथोल्दैन । मीतबुबा (शिशिर वाङदेल)को ठूलै चुरिफुरी छ, तर उनको पृष्ठभूमि पूरै बेवास्ता गरिएको छ । पूजाको अलप अनि बीपीप्रति जलको सोचाइको आकस्मिक बदलाव पत्यारिलो लाग्दैन ।

कथा उठानमा अलमल भए झैं त्यसको विकासक्रममा आशातीत चुस्तता र बैठानमा विश्वसनीयता छैन । कतिपय चरित्र र घटनाक्रम छरिएका छन् । रक्सी पिइरहने गोली कान्छाका बुबाका उस्तै आशयका दृश्य दोहोर्‍याइन्छ । भलै गोली कान्छाका व्यवहार र बोलीले दर्शकलाई हँसाइरहन्छ । मध्यान्तरपछि गम्भीरतातर्फ मोडिन्छ । तर, बीपीको चरित्रमा आएको परिवर्तन मूर्त लाग्दैन । पटकथामा 'ट्वीस्ट' ल्याउन दीपक खप्पिस मानिन्छन् । क्लाइमेक्स पनि प्रायस दर्शकको अनुमानबेगर बनाउँछन् । तर, यसपटक कथाको संरचना र बहाव अनुसार क्लाइमेक्ससम्म 'ट्वीस्ट'को अपेक्षा भने पूरा हुन्न । बरु कथाको अन्त्य रोचक र व्यावहारिक बनाउनुभन्दा कथाको टुंग्याउनीका लागि सजिलो र हतारको विकल्प रोजिएको छ । 'जूनको जुनेली...' श्रुति मधुर भए पनि कथावाचनमा किञ्चित प्रभावकारी छैन । सम्पादनका क्रममा १५-२० कैंची चलाएको भए फिल्म थप खदिलो हुन्थ्यो । पानी राजनीतिमा माथि भारतमा कौन कितने पानीमें बनेको छ ।

कथा र प्रस्तुति झैं चरित्रको कोणबाट पनि छ माया छपक्कै केही भिन्न लाग्छ । दीपकको चरित्र गम्भीर छ, हुलिया र हाउभाउबाटै उनी चरित्रको मनोविज्ञान दर्शकसम्म प्रवाह गर्न सक्षम छन् । उनले पनि हँसाउँछन् तर न त्यो भद्दा मजाक छ, न त बेतुकका संवाद नै । यसपटक उनी पटकथाकारभन्दा कलाकारका रुपमा काबिल लाग्छन् । केदार घिमिरे चाहिँ यस फिल्मको मनोरञ्जनका मुख्य स्रोत हुन् । छक्कापञ्जाका खाँटी फ्यानलाई उनको चरित्रले निराश हुन दिँदैन । राजनीतिक खिचातानीले प्रेममा असफल जितु नेपाललाई पनि दर्शकले सम्झिरहन्छन् ।

हाँस्यकलाकारको भीडमा केकी अधिकारी हराउलिन् भन्ने चिन्ता थियो तर चरित्र र अभिनयमार्फत दरिलो छाप छोड्न सफल छिन् । यसले उनको हिट फिल्मको प्यास मेट्ने निश्चित प्रायः छ । प्रकाश घिमिरे, सुपुष्पा भट्ट, शिशिर वाङ्देल पनि स्वाभाविक लाग्छन् । दीपक-दीपा फिल्ममेकिङको मामलामा सुध्रिएको संकेत हो, छ माया छपक्कै । त्यो भनेको, कमेडीको नाममा कथा र प्रस्तुतिमाथि अन्याय नगर्नु हो । तर, यही स्तरको फिल्मले उनीहरुको दिल खोलेर प्रशंसा गर्न सकिन्न । निर्देशकीय पाटोमा दीपेन्द्र लामाभन्दा उनीहरुकै 'सिग्नेचर' शैलीको बोलवाला छ । छक्का-पञ्जा सिरिजको फ्यान होइन भने पनि यस फिल्मले निराश पार्दैन । कलात्मक र विश्वसनीय प्रस्तुतिको तीव्र अपेक्षा राख्नेलाई चाहिँ नाम झैं मायाले छपक्कै पार्दैन ।


**प्रस्तुतिः गोकर्ण गौतम**


## ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

यस चौतारी बचत तथा ऋण सहकारी संस्था लिमिटेडबाट शिवसताक्षी–८ झिलझिले तपशिलमा उल्लेखित ऋणीहरुले उपभोग गरेको कर्जाको साँवा, व्याज र हर्जना रकम वुझाउन पर्नेमा हालसम्म नबुझाई कर्जा सम्बन्धी सर्त तथा बन्देजहरु उल्लंघन गरेको र सो सम्बन्धमा सम्वन्धित ऋणीलाई पटक–पटक मौखिक तथा लिखित रुपमा कर्जा वुझाउन ताकेता गर्दा समेत ऋणीले आल टाल गरी कर्जा चुक्ता नगरेकोले सस्थाबाट ३५ दिने कर्जा चुक्ता सम्बन्धी पहिलोपटक यो सूचना प्रकाशित गरेको छौं । ३५ दिनभित्र साँवा, व्याज र समय गुजार्दा लाग्ने हर्जना समेत वुझाउन हुन सम्वन्धित सवैमा सुचित गरिन्छ । अन्यथा प्रचलित कर्जा लगानी कारोवार ऐन अनुसार हुने व्यहोरा जानकारी गराईन्छ ।

**ऋणीको नाम, थर र ठेगानाः असल भक्त राई**
वुवाः मनीजंग राई
नागरिकताः ३३३७/५७
जारी मितिः २०४६/१२/१९
ठेगानाः खोटाङ साविक सप्तेश्वर गाविस वडा नम्बर १ हाल विर्तामोड झापा

**१) साक्षी/ धितो जमानत दिनेको नामः बाबु राई**
बुवाः खड्ग वा राई
ठेगानाः खोटाङ साविक सप्तेश्वर गाविस वडा नम्बर १ हाल विर्तामोड झापा
नागरिकता नम्बरः १२१०६५/८९
जारी मितिः ०६७/०७ /२५



**२) साक्षी/ धितो जमानत दिनेः नगेन्द्र राउत**
बुवाः रणवहादुर राउत
ठेगानाः झापा, साविक गरामनी गाविस वाड नम्बर १
नागरिकता नम्बर ९१५२५२३
जारी मितिः ०५१/१२ /०५



**धितोको विवरण**
रिम्ची खिम्ती कृषि फर्मको नाममा दर्ता रहेको जिल्ला झापा साविक डाँगीबारी गाविस वडा नम्बर १को किनं ४५५ को जवि १–०–०–० साविक कि.नं. ४६५को ०–१४–०–०

**चौतारी बचत तथा ऋण सहकारी संस्था लि.**
शिवसताक्षी नगरपालिका वडा नम्बर–८, झिलझिले झापा

## BAHRAIN मा रोजगारको सुवर्ण अवसर

कम्पनी : **MANGUARD SECURITY S.P.C.** शहर : **Bahrain**

पूर्व स्वीकृति मितिः २०७४/१२/०४ पुनः स्वीकृति मितिः २०७६/०६/१६ च. नं. ६०१२८३६२ पुनः च. नं. ६०८ लट नं. २०७३२३

| पद | संख्या | तलब | | खान/बस्न | ओटी | काम | करार |
|---|---|---|---|---|---|---|---|
| | | BD | NR | | | | |
| Security Guards | ७५ | १२०।- | ३६,१०५।- | छ/छ | कनिअ | ८ घण्टा ६ दिन | २ बर्ष |

प्रि–अन्तरवार्ता धमाधम भइरहेको छ । फाइनल अन्तरवार्ता कम्पनीको प्रतिनिधिबाट नासा ट्रेनिङ्ग सेन्टर बिर्तामोड झापामा २०७६ असोज २९ गते (16 Oct. 2018) मा मेनपावरको कार्यालय काठमाडौंमा २०७६ असोज २९ गते (16 Oct. 2018) मा हुनेछ ।

**लिंक इन्टरनेशनल प्लेसमेन्ट सर्भिस प्रा.लि.**
सम्पर्कः ९८०३६७२२९४, ९८०३५७२२९४, ९८०३०७२२९४, ९८०३४७२२९४, ९८१७९२०२०६, ९८०२०७२२९४, ०२३–५४४६८४